# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।
प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००, ९८४१५१९१७, ९८४१२८६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक २९९ | काठमाडौं | आइतबार, ११ फागुन २०८१ | Prabhab National Daily | Sunday, February 23, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रु. ५।-


# संविधान संशोधनबारे बहस शुरू

संरचनागत पक्षहरु बढी हेरफेर हुनसक्दछन् । सात वटा प्रदेश ९ वटा पनि हुनसक्छ, सात वटा प्रदेश पाँच वटा पनि हुनसक्छ । त्यसो भयो भने पनि कुनै रुवाबासी गर्न आवश्यक छैन

■ **केपी शर्मा ओली**
**प्रधानमन्त्री**



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाली कांग्रेस र नेकपा एमाले मिलेर बनेको सरकारको मुख्य एजेन्डा हो संविधान संशोधन । यद्यपि प्रधानमन्त्री केपी शर्मा ओली प्रधानमन्त्री भएको ६ महिना बित्दा पनि संविधान संशोधनको विषय सत्तारुढ दलको प्राथमिकतामा परेको छैन ।

गत पुसको अन्तिम साता पार्टीको केन्द्रीय कमिटी बैठकमा ओलीले संविधान संशोधन २०८७ पछि हुन्छ भन्दै टिप्पणी गरेका थिए । 'संविधानमा केही त्रुटि छन्, संशोधन गर्नुपर्नेछ । तर ०८७ मा मात्रै हुन्छ', प्रधानमन्त्री ओलीले भनेका थिए ।

ओलीको उक्त भनाईपछि नेपाली कांग्रेसका नेताहरूले असन्तुष्टि जनाएका थिए । उनै ओलीले शनिबार किताब विमोचन कार्यक्रममा पुगेर संविधान संशोधन हुने संकेत गरेका छन् । ओलीले प्रदेश घटबढ हुनसक्ने संकेत गर्दै यसो भइहालेमा रुवाबासी गर्न नहुनेसमेत बताए । 'संरचनागत पक्षहरू बढी हेरफेर हुनसक्दछन्,' प्रधानमन्त्री ओलीले भने, 'सात वटा प्रदेश ९ वटा पनि हुनसक्छ, सात वटा प्रदेश पाँच वटा पनि हुनसक्छ । त्यसो भयो भने पनि कुनै रुवाबासी गर्नुपर्ने आवश्यक छैन ।'

प्रधानमन्त्री ओलीले गणतन्त्र आफ्नो माग नभए पनि यसमा हेरफेर गर्नुपर्ने आवश्यकता भने नभएको तर्क गरे । 'त्यस्तो लोकतन्त्र भनेजस्तो, गणतन्त्र भनेको जस्तो, लोकतान्त्रिक गणतन्त्र भनेको जस्तो आधारभूत कुरा त्यो होइन । जे होस् मैले आफूले आफ्नै जिन्दगीमा जुन सुरुमा माग गरेको थिएँ, आन्दोलनमा लाग्दा, २०२३ सालदेखि । २०२२ सालबाट आन्दोलनमा लाग्दा मैले त्यो माग गरेको थिएँ,' ओलीले भने, 'लोकतान्त्रिक गणतन्त्र फेरि आफ्नै जीवनमा ल्याएर छोडियो । अब त्यस्तो ठुलो केही राजनीतिक परिवर्तन गर्नुपर्ने, प्रणाली नै हेरफेर गर्नुपर्ने केही छैन, रिफर्महरू गर्नुपर्ने हुनसक्छ । सुधारहरू गर्नुपर्ने हुनसक्छ । सुधार गर्दै अघि बढ्छौं ।'

ओलीले यसबारे बोलीरहँदा भावी कांग्रेस सभापतिका रूपमा हेरिएका डा शशांक कोइरालाले पोखरा पुगेर राज्य सञ्चालन गर्ने क्रममा संविधान कार्यान्वयनलाई सहज बनाउन सहमतिका आधारमा संशोधन गर्नुपर्नेमा जोड दिए ।

नेपाली कांग्रेस पेसागत तथा बुद्धिजीवी विभाग र नेपाली कांग्रेस गण्डकी प्रदेशद्वारा शनिबार पोखरामा आयोजित 'संविधान संशोधनः आवश्यकता र चुनौती' विषयक गण्डकी प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रम कोइरालाले संविधान कार्यान्वयनमा अप्ठ्यारो अवस्था आएमा सहमतिका आधारमा संशोधन गरेर बाधा फुकाउनुपर्ने बताए ।

नेता कोइरालाले संविधान जारी भएको नौ वर्ष बितिसकेको र समय अनुकूल संशोधन गर्दै जानुपर्ने धारणा राखेका हुन् । संघीयता विकेन्द्रीकृत शासन व्यवस्था भएको भन्दै संघीयता लागू भएको नौ वर्ष बितिसक्दा पनि केन्द्रीकृत शासन व्यवस्था हट्न नसकेको भनाइ उनको छ । गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले प्रदेशसँग सम्बन्धित कानुन बन्न नसक्दा सरकार सञ्चालनमा कठिनाइ आएको बताए । संविधान कार्यान्वयनमा चुनौतीहरू धेरै रहेका बताउँदै सङ्घीयता संविधानमा व्यवस्था गरे पनि प्रभावकारी कार्यान्वयनमा नआउँदा समस्या आएका उनको भनाइ छ ।

क्रमशः पृष्ठ २ मा

# अध्यादेशमै अल्मलियो सरकार



सरकार अध्यादेशको पासोमा परेको छ । २१ दिन भइसक्यो अध्यादेश पेश गरेको । तर सदनको काम हात लाग्यो शुन्य

■ **अग्नि सापकोटा**
**प्रवक्ता, माओवादी केन्द्र**



अध्यादेश अगाडि बढाउन हामीलाई कम्तिमा एक हप्ता दश दिनको समय चाहिन्छ । सांसदहरूलाई जम्मा गर्नुपर्‍यो । अहिले कुम्भ मेला चलिरहेको छ

■ **श्याम घिमिरे**
**प्रमुख सचेतक, नेपाली कांग्रेस**

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** प्रमुख शक्तिशाली दल नेपाली कांग्रेस र नेकपा एमाले मिलेर बनेको दुई तिहाईको सरकार अध्यादेशमा अल्मलिएको छ । राष्ट्रिय सभामा बहुमत नपुग्ने देखिएपछि माघ १८ गते प्रतिनिधि सभामा पेश भएको अध्यादेश अलपत्र परेको हो ।

सरकार अहिले अध्यादेशको पासोमा परेको प्रमुख प्रतिपक्षी दल माओवादी केन्द्रका प्रवक्ता अग्नि सापकोटाले बताए । 'सरकार अध्यादेशको पासोमा परेको छ । २१ दिन भइसक्यो अध्यादेश पेश गरेको । तर सदनको काम हात लाग्यो शुन्य,' सापकोटाले भने ।

सरकारको सिफारिसमा राष्ट्रपतिले पुस २९ गते सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, निजीकरण (पहिलो संशोधन) अध्यादेश, आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश तथा माघ २ गते भूमि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश जारी गरेका थिए । सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश पुस दोस्रो साता नै जारी गरिएको थियो ।

अध्यादेश लागू हुन ६० दिनभित्र दुबै सदनबाट स्विकृत हुनुपर्छ । त्यसपछि प्रतिस्थापन विधेयकबाट अध्यादेश लागू हुन्छ । तर राजनीतिक सहमति हुन नसकेपछि सरकारले ल्याएका अध्यादेश कहिले पेश हुने भन्ने विषयमा अन्योल देखिएको छ । आजको प्रतिनिधि सभाको



फाइल तस्वीर

बैठकमा समेत अध्यादेश कार्यसूचीमा राखिएको छैन । कांग्रेसका प्रमुख सचेतक श्यामकुमार घिमिरेले यसअघि भारतमा जारी कुम्भमेलाका कारण अध्यादेशमा छलफल हुन नसकेको बताएका थिए । 'अध्यादेश अगाडि बढाउन हामीलाई कम्तिमा एक हप्ता दश दिनको समय चाहिन्छ । सांसदहरूलाई जम्मा गर्नुपर्‍यो । अहिले कुम्भ मेला चलिरहेको छ । धेरै सांसदहरू कुम्भ मेलातिर लाग्नुभएको छ,' गत आइतबार घिमिरेले भनेका थिए ।

राष्ट्रिय सभामा रहेका सत्तारुढ दलले नै सरकारले ल्याएको भूमि सम्बन्धी अध्यादेश फिर्ता लिएपछि मात्रै अन्य पाँच अध्यादेशका विषय छलफल गर्न सकिने सुझाव दिएपछि अध्यादेश पेश गर्ने विषय अन्योलमा परेको हो । सरकारलाई समर्थन गरेको दल जनता समाजवादी पार्टी (जसपा) नेपालले भूमि सम्बन्धी अध्यादेश फिर्ता लिएपछि मात्र अन्य अध्यादेशका विषयमा छलफल गर्न सकिने अडान राखिरहेको छ । जसपाले सरकार असफल भइरहेको प्रतिक्रिया समेत दिन थालेको छ ।

यता सत्तारुढ दल नेपाली कांग्रेसकै नेताहरूलेसमेत अध्यादेशको विरोध जनाइरहेका छन् । कांग्रेस संस्थापनइतरका नेताहरू डा शेखर कोइराला, एनपी साउदले अध्यादेशको खुलेर विरोध गर्दै आएका छन् । ६ अध्यादेशबाट ३२ कानुन संशोधन गर्न लागेको सरकारले १८ पुसमा सदनमा पेश गरेका अध्यादेशलाई २४ गते बस्ने बैठकमा स्वीकृत गर्ने तयारी गरेको थियो । तर दलहरूबीच सहमति नभएपछि त्यसलाई फागनु ६ गतेको बैठकमा पेश गर्ने गरी सत्तारुढ दलहरूसँग समेत छलफल गरेको थियो । सहमति हुने छाँट नदेखिएपछि प्रधानमन्त्री केपी शर्मा ओलीले अहिले नै मत गन्ने बेला भइनसकेको बताउँदै आएका छन् ।

मुलुकको आर्थिक अवस्था सुधार्न भन्दै एकैसाथ छ वटा अध्यादेश ल्याएको सरकार थप अप्ठेरोमा पर्दै गएको हो । यसका लागि सरकारले जनता समाजवादी पार्टी (जसपा) नेपालबाट साथको अपेक्षा गरेको थियो । राष्ट्रियसभामा तीन सदस्य रहेको जसपाले भूमिसम्बन्धी अध्यादेशमा मत नहाल्ने निर्णय गरेपछि सरकार अप्ठेरोमा परेको हो । यता जसपालाई रिझाउन खोज्दा महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)ले असन्तुष्टि जनाएको छ । बिहीबार सर्लाही पुगेर लोसपा अध्यक्ष ठाकुरले आफूहरू सरकार छाड्नसमेत तयार रहेको बताएका थिए ।

'केन्द्रीय सरकारलाई नैतिक संकट आएको छ, हामीले भूमिसम्बन्धी अध्यादेशको विरोध गरेका छौं । नदी किनार, जंगल छेउमा आएर कब्जा गर्छन्,' भूमिसम्बन्धी अध्यादेशको विरोध गर्दै ठाकुरले भनेका थिए । सरकारमा लोसपाबाट शरतसिंह भण्डारी मन्त्री छन् । यदि सरकार छाड्नुपर्ने अवस्था आएमा सरकार छाड्न तयारी अवस्थामा रहन श्रममन्त्री भण्डारीलाई निर्देशन दिइसकेको उनले बताएका थिए । यद्यपि लोसपाले सरकार भने छाडेको छैन ।

**सन्दर्भः वैदेशिक रोजगार**

# लाखौं लिएर गजेन्द्र बेपत्ता, क्रोएसिया जाने भन्दै पैसा बुझाएकाहरु अलपत्र

■ **ममता थापा**

- काठमाडौं ब्राइट ह्युमन रिसोर्स प्रालिका सञ्चालक गजेन्द्रबहादुर तामाङ दुई वर्षदेखि फरार
- आफू भारत रहेको र उजुरी नहाल्न भन्दै पीडितहरूलाई अनुरोध गरे पनि वैदेशिक रोजगार विभाग बेखबर
- विभागमा मेनपावरले राखेको धरौटिबाट पीडितको रकम फिर्ता गरिदिन भन्दै हारगुहार

**काठमाडौं–** सर्लाही हरिवनका राजकुमार तामाङ रोजगारीका लागि जसरी पनि युरोप छिर्ने योजनामा थिए । काठमाडौंमा केही दिनको सोधखोजपछि उनले रोजेजस्तै र खोजेजस्तै मेनपावर भेटाए सुकेधारामा । म्यानपावरको नाम थियो - काठमाडौं ब्राइट हृयुमन रिसोर्स प्रालि । 'क्रोएसिया छिर्न पाउने भएपछि किन अरुतिर धाउने ?' राजकुमारले यहीबाट जाने निधो गरे ।

मेनपावरका सञ्चालक थिए गजेन्द्रबहादुर तामाङ । गजेन्द्र भेटिएपछि राजकुमारलाई आफ्नै दाजुभाइ झैं लाग्यो । गजेन्द्रले पनि राजकुमारलाई भन्थे, 'ल भाइ अब ढुक्क हुनु ।' गजेन्द्र राजकुमारको सुखदुःख सोध्थे । बाआमाको सञ्चोबिसञ्चो सोध्थे । राजकुमारले नबुझेका धेरै प्रक्रिया आफै गरिदिन्थे । यसरी नै एकदिन हरिवनमै भएको बेला गजेन्द्रको फोन आयो- ल भाइ भिजा आयो । राजकुमारले आफूसँग भएको केही पैसामा छिमेकीसँग ऋण मागेर साढे तीन लाख पुऱ्याए । अनि काठमाडौं आएर गजेन्द्रको हातैमा थमाइदिए । 'अरुको म भन्न सक्दिनँ, तिम्रो काम जसरी पनि हुन्छ नभए पैसा फिर्ता गरिदिन्छु,' गजेन्द्रले त्यतिबेला भनेका थिए । त्यसपछि न त राजकुमार क्रोएसिया जान पाए न त गजेन्द्र नै भेटियो ।

'बेराजगार थिएँ, पैसा कमाउन यूरोप जान पाए सहज हुन्थ्यो कि भनेर सरसापट गरेर पैसा खोजें । अहिले ऋणको ब्याज तिर्दै ठिक्क छ,' राजकुमार भन्छन् । यस्तो समस्या परेकालाई सघाउन भन्दै सरकारले वैदेशिक रोजगार विभाग स्थापना गरिदिएको छ । आफ्नो समस्या समाधान गरिदिन्छ कि भनेर राजकुमार विभाग धाएको दुई वर्ष पुगिसक्यो । तर उनको समस्याको सुनुवाई कहिले हुने हो कुनै पत्तो छैन ।

'विभागमा पुग्दा डिजी सापले उनकी श्रीमती चन्द्रकुमारी तामाङको नाममा पनि शेयर भएको पत्ता लाग्यो, तपाईंहरूको पैसा फिर्ता हुन्छ भन्नुभएको थियो, तर पछि फेरि श्रीमतीको नाममा मुद्दा चलाउन नमिल्ने भन्नुभयो,' राजकुमारले गुनासो सुनाए ।

गजेन्द्रकै मेनपावरबाट क्रोएसिया जाने तयारी गरेका धादिङका केशव अधिकारी अहिले आफ्नो साढे ३ लाख रूपैयाँ फिर्ता गरिदिन भन्दै सरकारी निकाय धाउँदै छन् । 'पैसा पाइँदैन जस्तो छ, यत्रो समय भइसक्यो । सबैतिर पुगिसक्यौं, कसैले केही गर्ने होइन,' अधिकारी आक्रोशित सुनिए ।

नुवाकोट ककनी नगरपालिकाकी सन्ध्या तामाङले पनि दुई वर्ष अगाडि साढे तीन लाख बुझाएकी थिइन् गजेन्द्रलाई । गजेन्द्रले आफू ककनीकै भएको बताएका थिए सन्ध्यालाई । आफ्नै गाउँलेले नठग्ला भन्ने विश्वास लागेको थियो सन्ध्यालाई । 'मलाई अरुले फसायो तिम्रो पैसा दिन्छु, मिडियामा नजाउ, मलाई समातेर चौकीमा लग्यो भने कसले पैसा दिन्छ भनेको थियो,' सन्ध्या भन्छिन् । त्यसको केही महिनापछि मेनपावर नै बन्द भयो । गजेन्द्रले आफू भारतमा रहेको जानकारी गराएको उनी बताउँछिन् । 'यत्रो समय भइसक्दा पनि प्रहरीले पक्राउ गर्न सकेको छैन्, विभाग पनि सेटिङमा चल्छ भन्छन्, हाम्रो कुरा कसले सुन्ने, बिचल्ली हुनेभयो,' उनी भन्छिन् ।

अछामका दीपक रावल पनि आफ्ना तीनजना भाइहरूलाई क्रोएसिया पठाउन भनेर उक्त मेनपावर पुगेका रहेछन् । गाउँका अन्य दुई जनाले पनि यूरोपको प्रोसेस गरिदिन भनेका थिए । पाँच जनाले मेनपावरलाई जम्मा १६ लाख बुझाएको उनले सुनाए । 'वेबसाइटमा हेर्दा सबै ठिकै थियो । नियत नै गलत भएपछि के लाग्छ र ?' रावलले भने ।

क्रमशः पृष्ठ २ मा




सुलभ मूल्यमा अन्तर्राष्ट्रिय स्तरको
निःसन्तनपन सम्बन्धि उपचार
HARDIK IVF and Fertility Center
Where Miracles Come to Life
हार्दिक आई.भि.एफ सेन्टर
सिनामंगल ९, काठमाडौं
01-5917982, 9802352811

# परराष्ट्रमन्त्री जेनेभा प्रस्थान

**काठमाडौं–** परराष्ट्रमन्त्री डा आरजु राणा देउवा संयुक्त राष्ट्रसंघीय मानवअधिकार परिषद्को ५८औं उच्चस्तरीय सत्रमा भाग लिन नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै स्विट्जरल्यान्डको जेनेभा प्रस्थान गरेका छन् । देउवालाई शनिबार साँझ त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा परराष्ट्र मन्त्रालयका सचिव अमृतबहादुर राई र मन्त्रालयका उच्च अधिकारीहरूले बिदाइ गरेका थिए । यही फागुन १२ देखि १४ गतेसम्म आयोजना हुने उक्त उच्चस्तरीय सत्रलाई मन्त्री डा देउवाले यही १२ गते सम्बोधन गर्ने कार्यक्रम रहेको छ ।



भ्रमणका क्रममा उनले विभिन्न देशका आफ्ना समकक्षीहरूका साथै संयुक्त राष्ट्रसङ्घीय निकायका प्रमुख तथा अन्य विशिष्ट व्यक्तिहरूसँग भेटवार्ता गर्ने कार्यक्रम रहेको उनको सचिवालयले जनाएको छ । भ्रमणका क्रममा मन्त्री डा देउवाले संयुक्त राष्ट्रसंघीय मानवअधिकार परिषद्को सन् २०२७ देखि २०२९ सम्मको कार्यकालका लागि नेपालले दिएको उम्मेदवारीका पक्षमा समर्थनका लागि पहल गर्नेछिन् । मन्त्री डा देउवा नेतृत्वको नेपाली प्रतिनिधिमण्डलमा परराष्ट्र मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र जेनेभास्थित संयुक्त राष्ट्रसंघका लागि नेपाली नियोगका वरिष्ठ अधिकारीहरू सम्मिलित छन् । उनी यही फागुन १६ गते स्वदेश फर्कने कार्यक्रम छ ।

# बागलुङ घुम्ने पर्यटक बढेपछि होटलमा लगानी थपिँदै

**बागलुङ–** पछिल्लो समय पर्यटन व्यवसाय चलायमान भएसँगै यहाँ होटल व्यवसायमा आकर्षण बढ्न थालेको छ । सदरमुकाम बागलुङ बजारदेखि जिल्लाका दूरदराजसम्म होटलमा लगानी बढ्न थालेको हो । पर्यटन तथा नागरिक उड्यान मन्त्री बद्रीप्रसाद पाण्डेले केही दिनअघि सदरमुकाम बागलुङ बजारमा होटल इला कम्फोर्टको उद्घाटन गरे ।

पछिल्लो पटक सञ्चालनमा आएको यो होटल जिल्लाकै धेरै लगानीको पहिलो होटल हो । उद्योग बाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले ३० करोड लगानीमा सञ्चालनमा ल्याएको होटलले सदरमुकाम भित्रिने पर्यटक लक्षित गरेर सेवा सुविधा विस्तार गरेको छ । झण्डै ६ महिनाअघि बजारमै सञ्चालनमा रहेका दुई होटलले सेवा बिस्तार गरे । लगानी बढाए । होटल रेड एप्पलले स्थानान्तरणपछि फराकिलो क्षेत्रमा आफ्ना सेवा सञ्चालनमा ल्याएको छभने होटल शितलले रु दुई करोड लगानी थप गरेर सेवा थालेको छ ।

सदरमुकाममा रहेका होटल दि राजन, पिस प्यालेस, समिट धौलागिरी, होटल पर्व लगायतका होटल पनि आफ्ना सेवा बिस्तारमै छन् । अन्य होटल तथा रेष्टुँराले पनि पर्यटक लक्षित सेवालाई केन्द्रमा राखेका छन् । सदरमुकाम बाहिर घोडाबाँधेमा माउन्टेन भ्यु, गलकोटमा गलकोट स्क्वायर, बडिगाडमा एग्रो रिसोट, कुश्मीशेरामा साकुरा, बुर्तिबाङमा होटल दरबार र निसीको झिँवाखोलामा होटल लोकमार्ग पर्यटक लक्षित होटल हुन् ।

पर्यटन प्रवर्द्धन गर्ने उदेश्यले बागलुङमा होटल व्यावसायमा लगानी बढाउदै लगिएको हो । बागलुङको प्रसिद्ध कालिका भगवती मन्दिर, पञ्चकोट, शालग्राम संग्राहलय, तथा ढोरपाटन शिकार आरक्ष लगायतका प्रमुख पर्यटकिय गन्तव्यको अवलोकन भ्रमण गर्न आउने पर्यटकको चहलपहल बढ्न थालेपछि सुविधा सम्पन्न होटल तथा लजहरूको विस्तार हुने क्रम बढेको होटल सगुनका सञ्चालक सञ्जय श्रेष्ठ बताउछन् ।

यहाँ पर्यटक आउनका लागि कालीगण्डकी कोरिडोर तथा मध्यपहाडी लोकमार्गले सघाईरहेका छन् । 'भएका होटल मात्रै यहाँ पर्यटक आउने क्रम बढ्दा पर्याप्त हुँदैनन्' होटल व्यवसायी महासङ्घका गण्डकी प्रदेश अध्यक्ष अर्जुन चोखालले भने, 'होटल व्यवसायमा लगानी बढ्नु जिल्लामात्रै होईन प्रदेशकै लागि सकरात्मक सन्देश हो ।' *रासस*

# गाउँमा 'फोरजी' सञ्चालनमा आएपछि....

**अदानचुली (हुम्ला)–** वर्षौंदेखि टेलिफोन तथा इन्टर नेटको समस्या झेलिरहेका हुम्लाको अदानचुली गाउँपालिका र मुगुको सोरु गाउँपालिकामा 'फोरजी'सेवा सञ्चालनमा आएपछि त्यहाँका नागरीक खुसी भएका छन् । यसअघि हरेक वडा कार्यालय र गाउँपालिकाको कार्यालयमा गएर भिडियो कलदेखि अन्य इन्टरनेट सम्बन्धी काम गरीरहेका त्यहाँका नागरिकहरू आजदेखी घरघरको कुनैमै बसेर भिडियोकल गर्न पाएपछि खुसीको सिमा नै नरहेको हुम्ला अदानचुली गाउँपालिका वडा नम्बर ५ का सिंह बोहराले बताए ।

दुर्गम गाउँमा फोरजी सञ्चालनमा आएपछि हुम्लाको दक्षिणी क्षेत्र ताँजाकोट, अदानचुली र सर्केगाड गाउँपालिका तथा मुगुको सोरु गाउँपालिकासहित बाजुरा र मुगु आसपासका सबै गाउँमा फोर जी सेवा सञ्चालन भएको नेपाल टेलिकमले जनाएको छ । गाउँमै फोरजी सेवा सहितको इन्टरनेट र टेलिफोन सञ्चालनमा आएपछि स्थानीयले राहत महसुस गर्नुका साथै स्थानीय तहको दैनिक कार्य सम्पादनमा समेत सहज भएको अदानचुली गाउँपालिका अध्यक्ष मोहनविक्रम सिंहले बताए ।

गाउँपालिकाका उपाध्यक्ष केशरबहादुर शाहीले शुक्रबारबाट आफ्नो गाउँपालिकाको केन्द्र नजिकै रहेको लामाकाँधमा राखिएको 'फोरजी'को टावर सञ्चालनमा आएको र यसले गाउँपालिका भित्रका कुन कुन बस्तीमा यसले काम गरेको छ जानकारी दिन सबैलाई अनुरोध समेत गरेका छन् । उनका अनुसार फोर जी सेवा विस्तारले गाउँमा विद्युतीय माध्यमबाट शिक्षा, स्वास्थ्य, सामाजिक सेवा र मनोरन्जन तथा सूचना आदान प्रदानको कामसमेत सहज हुने बताए ।

सोरु गाउँपालिका वडा नम्बर ३ को लामाकाँधमा राखिएको टावरले सोरु गाउँपालिकाका केही बस्तीहरू र हरम्लाको ताँजाकोट, सर्केगाड, र अददानचुली गाउँपालिकाका अधिकांश बस्तीहरूमा आज दिउँसोबाट सञ्चालन सुरु गरेको छ भने अदानचुली च्याममा राखिएको टावर शनिवार दिउँसो १ बजेबाट सञ्चालनमा आएको टावर निर्माणको जिम्मा पाएका अदानचुली गाउँपालिका



वडा नम्बर ५ का दृघ सिंहले जानकारी दिए ।

च्याममा राखिएको टावर शनिबार सञ्चालनमा आएपछि जिल्लाको तल्लो क्षेत्रका अधिकांश बस्तीहरूमा 'फोरजी' सेवा सञ्चालन हुँने छ भने अदानचुली र सर्केगाड गाउँपालिकाको बीच भाग अर्थात महतारा चौरमा निर्माणधिन टावर सञ्चालनमा आएपछि तल्लो क्षेत्रका सबै बस्तीमा इन्टरनेट सेवा सुचनारु हुँने नेपाल टेलिकम हुम्ला रिन्जिन लामाले बताए ।

जिल्ला सदरमुकामबाट निकै दुर्गम गाउँमा फोरजी चल्न थालेपछि अहिले यहाँका स्थानीय निकै खुसी छन् । आजदेखि टावरको निर्माण पूरा भएसँगै यस क्षेत्रका घर घरमा फोरजी चल्न थालेको अदानचुली गाउँपालिकाका निवर्तमान प्रमुख प्रशासकीय अधिकृत हंस महताराले बताए । 'दुई वर्ष देखिको निरन्तर प्रयासका बाबजुत आजबाट सञ्चालनमा ल्याउन सफल भएकोमा निकै खुसी ब्यक्त गर्दै अब कदमकदाचित ओर्डलिंक र एभरेष्टको टावर डाउन भएपनि आफुहरूको काम अबरोध नहुँनेमा ढुक्क छौं,' उनले भने । अदानचुली गाउँपालिका वडा नम्बर १ कल्खेका अम्मर रावल भन्छन्, 'यसअघि यहाँका बासिन्दा मोबाइलमा कुरा गर्न पनि कता अग्लो डाँडा छ भनेर खोज्दै हिँड्थे । अहिले भने घरमै बसेर आरामले कुरा गर्न सक्ने भएका छौँ । यसले निकै सुबिस्ता भएको अनुभव भइरहेको छ । अहिले देश तथा विदेशमा रहेका आफन्तसँग भिडियो कल गर्न पाएका छौँ । निकै खुसी लाग्यो ।'

गाउँमा फोरजीसम्मको सेवा पुऱ्याउन गाउँपालिकाले लामो समयदेखि प्रयास गरिरहेको थियो । गाउँबस्तीमा फोरजी चल्न थालेपछि अहिले यहाँका स्थानीयलाई स्थानीय सरकार घरमै पुगेको महसुस भएको पनि रावलले बताए । पालिकाले विगत दुई वर्षदेखि नेपाल टेलिकमको केन्द्रीय कार्यालय काठमाडौंसँग निरन्तर पत्राचार, प्रत्यक्ष भेटघाट र अनुरोध तथा समन्वयपछि गत वर्षदेखि यस क्षेत्रमा टावर निर्माण सुरु भएको हुम्ला अदानचुली गाउँपालिकाका अध्यक्ष सिंहले बताए । भने, 'मैले निरन्तर दवाब दिएकाले यसले छिटो निकास पाई सञ्चालनमा आएको हो ।'

यस्तै सोरु गाउँपालिकाको लामाकाँधमा राखिएको टावर सञ्चालनमा नआए हुम्लामा सञ्चालनमा नआउने भएपछि सोरु गाउँपालिकाका अध्यक्ष धर्मबहादुर शाहीलाई निकै छिटो सञ्चालनमा ल्याउनै पर्ने बाध्यता थियो सोही अनुसार आफि पनि भागेका ठेकदाहरूलाई ल्याउन र छिटो काम सञ्चालनमा ल्याउने दुई वर्ष लागेको बताए । 'अब हरेक गाउँमा फोरजीसहितको टेलिफोन सेवा सञ्चालन भएसँगै सरकारी तथा गैरसरकारी कार्यालय, स्वास्थ्य र शिक्षा क्षेत्रमा पनि निकै सहज भएको छ । अबदेखि यहाँका विद्यालय डिजिटल शिक्षा, अनलाइन शिक्षा र स्वास्थ्यमा पनि अनलाइन सेवा सुरु गर्न सकिने छ,' उनले भने । *रासस*

पृष्ठ १ बाट क्रमशः

## संविधान...

'संविधानद्वारा प्रदेशलाई दिइएका अधिकार छिटो कार्यान्वयनमा जानुपर्छ', मुख्यमन्त्री पाण्डेले भने, 'सबै पार्टीको सहयोग र सहमतिका आधारमा संविधान संशोधन गरी अगाडि बढ्न जरुरी छ ।' प्रदेशका कानुन लामो समयसम्म बन्न नसक्दा आम जनताले संघीयतामाथि प्रश्न उठाउन थालेको उल्लेख गर्दै नेपाली जनतालाई सिंहदरबारको अधिकार भन्ने तर कानुन बाधक बनिरहनु नहुने उनको तर्क थियो ।

■■■

## लाखौं लिएर...

गजेन्द्रले रिसोर्स देखाउँदै २०० जनाभन्दालाई ठगेको उजुरी परेको छ । नुवाकोट विदुर नगरपालिका स्थायी घर भएका गजेन्दले उनीहरूबाट साढे ३ लाखदेखि १६ लाखसम्म उठाएको देखिएको छ । गजेन्द्र दुई वर्षदेखि बेपत्ता रहेको प्रहरीले जनाएको छ । पीडितहरूले प्रहरीमा उजुरी गरेको आठ महिनाभन्दा बढी भयो । 'प्रहरीले पक्रन नसकेको हो या नचाहेको हो ?' आफैं ठगीएपछि पीडितको आवाज उठाउँदै आएका दीपक रावल प्रश्न गर्छन् ।

नुवाकोटकै पीडितका अनुसार गजेन्द्रकी श्रीमती चन्द्रकुमारी तामाङको नाममा संस्थाको शेयर रहेको छ । तर प्रशासनले उनीहरू श्रीमान-श्रीमती नभएको भन्दै आएको थियो । पीडितले चन्द्रकुमारीलाई तीन महिनाअघि प्रहरीमा बुझाएका थिए । उक्त मुद्दा वैदेशिक रोजगार न्यायाधीकरणमा विचाराधीन छ । मुद्दाको पेशी भोलिका लागि रहेको रावल बताउँछन् । सरकारले गत जेठमा यो मेनपावरको कारोबार रोक्का गरिदिएको छ । पीडितहरूले मेनपावरको धरौतिबाट रकम फिर्ता गराइदिन माग गर्दै आएका छन् । यही मेनपावरबाट रसिया पठाएका १३ नेपाली गत जेठमा अलपत्र परेका थिए ।


**मोटरसाइकल हराएको सूचना**

मिति २०८१।११।०७ गते काठमाडौं जिल्ला, का. म. न.पा.वडा नं.३२ मनोहरा करिडोरस्थित TV टुडे नजिक सडक छेउमा पार्किङ गरिराखेको अवस्थामा रातो सेतो रङ्को Pulsar 200 NS मोटरसाइकल अन्दाजी १९:४२ बजेको समयमा हराएको हुँदा पाउनुहुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन बिनम्र अनुरोध गर्दछु ।

**नाम :** हुलास फिनसर्भ हायर पर्चेज लि.
**ऋणी :** जितेन्द्र कुमार झा
**बाइक नं. :** बा.प्र. ०२-०५५ प ७३४४
**च्यासिस नं.:** MD2A36FX2RCG-84237
**इन्जिन नं. :** JLXCRG-75944
**ठेगाना:** टेकु, काठमाडौं
**सम्पर्क:** ९८१३४८००२७, ९८२६९१९४३२



**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०८१/११/११**

**ओ.जे. अर्गानिक्स नेपाल प्रा.लि.** को मिति २०८१/१०/२७ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **क्रसबोर्डर बिजनेस ट्रेस सेन्टर नेपाल प्रा.लि. (प्रा.लि. नं.: ३१९१६९)** कायम गर्ने गरी मिति २०८१/११/०६ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।


## आजको राशिफल




**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com


आइतबार, ११ फागुन, २०८१

| | |
|---|---|
| **मेष** | तत्काल फाइदाले परिस्थिति बिग्रने छ । |
| **वृष** | स्रोतसाधन जुट्नाले लगानिमा उत्साहा आउने । |
| **मिथुन** | नयाँ काम थालनी गर्ने अवसर मिल्ने छ । |
| **कर्कट** | सुखद् समाचारले उत्साह जगाउन छ । |
| **सिंह** | आम्दानीको स्रोत भएपनि खर्च बढ्ने छ । |
| **कन्या** | आकस्मिक खर्च बढ्नुका साथै अर्थ अभाव । |
| **तुला** | दिगो कामको जग बसाउन सकिने छ । |
| **वृश्चिक** | रमाइलो जमघटमा सहभागी बन्ने अजसर । |
| **धनु** | व्यस्तताले शरीरमा कमजोरी पना आउने । |
| **मकर** | विषेश अवस प्रप्त हुनले मन प्रफुल्ल हुने । |
| **कुम्भ** | साथिभाइको आगमनले दिन मनोरञ्जनपूर्ण हुने । |
| **मीन** | नयाँ अवसर साथै भौतिक सुख जुट्ने छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टचाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

११ फागुन, २०८१ (२३ फेब्रुअरी, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३८.७१ | १३९.३१ |
| युरो | १ को | १४५.४० | १४६.०३ |
| पाउन्ड स्टिर्लङ | १ को | १७४.७५ | १७५.५१ |
| स्विस फ्रैन्क | १ को | १५३.९९ | १५४.६६ |
| अस्ट्रेलियन डलर | १ को | ८८.२३ | ८८.६२ |
| क्यानाडियन डलर | १ को | ९७.७३ | ९८.१५ |
| सिङ्गापुर डलर | १ को | १०३.४१ | १०३.८६ |
| जापानी येन | १० को | ९.१४ | ९.१८ |
| चिनियाँ युआन | १ को | १९.१० | १९.१८ |
| साउदी अरब रियाल | १ को | ३६.९८ | ३७.१४ |
| कतारी रियाल | १ को | ३८.०५ | ३८.२२ |
| थाई भाट | १ को | ४.१२ | ४.१३ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.७७ | ३७.९३ |
| मलेसियन रिङेट | १ को | ३१.२८ | ३१.४२ |
| दक्षिण कोरियन वन | १०० को | ९.६१ | ९.६५ |
| स्विडिस क्रोनर | १ को | १२.९६ | १३.०१ |
| डेनिस क्रोनर | १ को | १९.४९ | १९.५८ |
| हङकङ डलर | १ को | १७.८३ | १७.९१ |
| कुवेती दिनार | १ को | ४४९.४७ | ४५१.४१ |
| बहराइन दिनार | १ को | ३६८.०४ | ३६९.६३ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# क्यानभासमा स्वयम्भू



**काठमाडौं–** विश्वसम्पदा सूचीमा सूचीकृत काठमाडौं उपत्यकाको महत्वपूर्ण क्षेत्र स्वयम्भूलाई केन्द्रीत गरी यहाँ वरपरका दृश्यसमेत कैद गर्दै शनिबार कलाकारले क्यान्भासमा रङ भरेका छन् । बीस जनाभन्दा बढी कलाकारले दिनभर स्वयम्भूको फेदीमा बसेर क्यानभासमा रङ भर्दै विभिन्न कलाकृति उतारे । यी कलाकर्मीकाले स्वयम्भूनाथ र त्यस वरपर बनाइएका आकर्षक संरचना तथा उपत्यका आसपासका दृश्य एउटै क्यान्भासमा अटाएका थिए । 'आहा ! कति राम्रो स्वयम्भूनाथ', सहभागीमध्येका ईश्वर शर्माले भने, 'हेर न ऊ त्यो माथिको स्वयम्भू दुरुस्तै बनेको छ ।'

यहाँ उपस्थित भएका कला पारखी तथा दर्शकहरूले क्यान्भास र आर्ट पेपर हेर्दै आहा ! कति राम्रो स्वयम्भू भन्दै प्रशंसा गरेका थिए । यो अवसर आजदेखि सुरु स्वयम्भू महोत्सवले जुराएको हो । महोत्सव व्यवस्थापन समितिका सदस्य तथा उक्त कला कार्यशाला संयोजन गर्नुभएका कलाकार दिवेश प्रधानले अग्रज र नवकलाकार गरेर २० जनाभन्दा बढी चित्रकार भेला भई दिनभर यहाँ कला सिर्जना गरिएको बताए । कला सिर्जनाको आजै प्रदर्शनीसमेत गरिएको छ ।

काठमाडौँ उपत्यकाको पश्चिममा अवस्थित एक प्रसिद्ध बौद्ध स्तूप हो स्वयम्भू । यसलाई महाचैत्य पनि भनिन्छ । यही चैत्यलाई मुख्य विषय बनाएर कलाकारले कुची चलाएका थिए । जलरङ, एक्रेलिक, तेल रङलगायत विभिन्न विधामा चित्रकारले बौद्ध स्तूप बनाएका थिए । यहाँ उपत्यकामा पानी भरिएका बेला विपस्वी बुद्ध आएर तीनपल्ट वरिपरिको पहाडमा घुमेर नागार्जुनको टुप्पोमा बसी तपस्या गरेको किंवदन्ती छ ।

किंवदन्तीअनुसार वैशाख पूर्णिमाको दिन कमलको बीउ दक्षिण फर्की 'मन्त्र गरी दहमा रोपेका' थिए । अर्को सालको वैशाख पूर्णिमाको दिन कमलको फूल उम्रेको र जसमा पञ्चरश्मिसहित स्वयम्भू महाचैत्यको उत्पत्ति भएको भन्ने गरिन्छ । संस्कृतबाट स्वयम्भूको अर्थ स्वयं उत्पत्ति भएको भूमि भन्ने बुझिन्छ । काठमाडौँ उपत्यकाको स्थापना र नेपालको इतिहासमा पनि यसको ठूलो भूमिका रहेको जानकारहरू बताउँछन् ।

मञ्जुश्रीले पनि काठमाडौँको स्थापना गर्नुअघि यही भूमिमा बसेर तपस्या गरेको भन्ने गरिन्छ । नेवारीबाट स्येँको अर्थ स्वयं, गुँको अर्थ वनबाट स्येँगु र यसै शब्दलाई पछि स्वयम्भू भनिआएको बताइन्छ । यसरी धार्मिक, सांस्कृतिक र पुरातात्विक हिसाबले पनि महत्वपूर्ण मानिने स्वयम्भूमा स्वदेशी तथा विदेशीहरू घुम्न औधी मन पराउँछन् । त्यही मेसोमा आज स्वदेशीसहित विदेश पर्यटकले कला सिर्जनाबाट थप मनोरञ्जन र जानकारी लिन पाएँ । यहाँ कलाकारका सिर्जना देखेर आगन्तुकहरू थप उत्साहित भएका थिए । अर्का कलाकार उत्तम डङ्गोलले कलाको खानी काठमाडौँ त्यसमाथि स्वयम्भू भनेपछि आफैँमा महत्वको विषय भएको बताए । *रासस*

# खाजामा लगानी बढाउन माग

**काठमाडौँ–** बालबालिकाको सिकाइका निम्ति विद्यालयमा पोषणयुक्त खाजामा लगानी बढाउन सरोकार भएकाहरूले माग गरेका छन् । शनिबार काठमाडौँमा आयोजित 'स्थानीय उत्पादनमा आधारित पोषणयुक्त विद्यालय दिवा खाजा प्रारूप, २०८१ कार्यान्वयनको सन्दर्भमा राष्ट्रिय परामर्श' कार्यक्रममा सरोकार भएकाहरूले यस्तो माग गरेका हुन् ।

विद्यालय उमेरका बालबालिकाका लागि पोषण अति आवश्यक भएको र यसले बालबालिकाको विद्यालयमा पहुँच विस्तार र सिकाइस्तर वृद्धिको आधार निर्माण गर्ने भन्दै यसमा जोड दिनुपर्ने सहभागीको भनाइ थियो । 'पोषणयुक्त खाजाले स्वस्थ शरीर र भोकरहित वातावरण निर्माण गर्छ, जसले शिक्षण सिकाइ र विद्यालयमा पहुँच विस्तारसमेत निकै टेवा पुग्छ । साथै स्वास्थ्य मानव पुँजी तयार गरी राष्ट्रको अर्थतन्त्रमा सहयोग पुग्ने हुँदा विद्यालयमा पोषणयुक्त खाजाका लागि लगानी बढाउन आवश्यक छ', सहभागीको जोड थियो ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव डा दीपक काफ्लेले प्राप्त सुझावलाई सम्पत्तिका रूपमा ग्रहण गर्दै गुणस्तरीय शिक्षा, प्रवर्द्धन गर्न सरकार प्रतिबद्ध रहेको भन्दै शिक्षालाई गुणस्तरीय बनाउन र बालबालिकाको दिवा खाजा प्रवर्द्धन गर्न सबै सरोकारवालाको भूमिका रहेको बताए । उनले बालबालिकामा लगानी बढाउन अन्तर मन्त्रालय, सरोकार भएका निकाय र अभिभावकलगायत सङ्घसंस्था सबैको दायित्व रहेको बताए । मन्त्रालयका सचिव हरिप्रसाद अर्यालले तोकिएको मापदण्डअनुसार पोषणयुक्त खाजाको व्यवस्थापनका लागि सहज गर्ने उद्देश्यले गत असोज ८ गतेको मन्त्रिस्तरीय निर्णयबमोजिम मन्त्रालयले स्थानीय उत्पादनमा आधारित पोषणयुक्त विद्यालय दिवा खाजा प्रारूप, २०८१ स्वीकृति भएको बताए ।

गाउँपालिका महासंघका सदस्य भुपाल पोखरेल र जिल्ला समन्वय समिति महासङ्घका उपमहासचिव दीपक गौतम, नगरपालिका सङ्घकी प्रतिनिधि सुनिता सुबेदी, राष्ट्रिय बाल अधिकार परिषद्की सदस्य-सचिव इन्द्रादेवी ढकाललगायतले दिवा खाजा प्रवर्द्धन गर्ने कार्यमा योगदान गर्ने प्रतिबद्धता व्यक्त गरे । अधिकारकर्मी तथा जागृति बाल तथा युवा सरोकार नेपालका अध्यक्ष तिलोत्तम पौडेलले दिवा खाजा कार्यक्रमलाई बाल संवेदनशील सामाजिक सुरक्षा, बालमैत्री, विभेदमुक्त वातावरणका साथै पोषण सुधार र दिवा खाजा कार्यक्रमका विषयलाई राजनीतिक पार्टी र सबै सरोकारवालाको साझा छलफलको विषय बन्नुपर्ने बताए ।

शिक्षा तथा मानव स्रोत विकास केन्द्रका हरिप्रसाद अर्यालले कार्यक्रममा दिवा खाजाको पृष्ठभूमिका बारेमा प्रस्तुतीकरण गर्दै अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, विद्यालय शिक्षा क्षेत्र योजना, स्थानीय उत्पादनमा आधारित पोषणयुक्त विद्यालय दिवा खाजा प्रारूपलगायत नीतिगत व्यवस्थाअनुरूप सञ्चालन भइरहेको बताए । विद्यालय खाजाका लागि आठ अर्ब ४६ करोड रूपैयाँ विनियोजन भएको र उक्त रकम बराबर ३२ लाख विद्यार्थीले खाजा खाइरहेको जानकारी दिँदै उहाँले यसलाई थप व्यवस्थित बनाउन लगानी बढाउनुपर्नेमा जोड दिए ।

कार्यक्रममा वर्ल्ड भिजन इन्टरनेसनलकी उमा मगरले वर्ल्ड भिजन इन्टरनेसनलले बालमैत्री, पोषणमैत्री, बाल संरक्षण प्रवर्द्धनलगायत अभियान सञ्चालन गरिरहेको जानकारी दिइन् ।

कार्यक्रममा बाल क्लबका प्रतिनिधिहरूले दिवा खाजा कार्यक्रमको अनुगमन गर्नुपर्ने, बालबालिका केन्द्रित विषयमा उनीहरूसँग नै सोधेर अध्ययन गर्नुपर्ने बताएका थिए । यस्तै, विद्यालयका प्रधानाध्यापकहरूले दिवा खाजाको रकम निकासा मासिक रूपमा गरिनुपर्ने, असल अभ्यास अनुभवको आदानप्रदान गर्नुपर्ने, विद्यार्थीलाई प्रदान गरिने खाजाको रकम बढाइनुपर्ने, यसमा स्थानीय सरकारले आफ्नो स्रोत परिचालन गर्न सक्नुपर्नेलगायत विषयमा ध्यानाकर्षण गराएका थिए ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको आयोजना तथा बालमैत्री स्थानीय शासन राष्ट्रिय मञ्च, जागृति बाल तथा युवा सरोकार नेपालको सहकार्य तथा वर्ल्ड भिजन इन्टरनेसनल नेपाल, क्यानालको सहयोगमा कार्यक्रम आयोजना गरिएको हो । *रासस*

# बालकोटको घर राधिकाको कमाईबाट बनेको : *प्रधानमन्त्री ओली*




**काठमाडौँ–** प्रधानमन्त्री केपी शर्मा ओलीले प्रथम महिला राधिका शाक्यद्वारा लिखित आत्मकथा 'करुणा' सत्य लिखतमा आधारित रहेको बताएका छन् ।

पाणिनि बुक्सद्वारा प्रकाशित उक्त पुस्तक लोकार्पण कार्यक्रममा शनिबार प्रधानमन्त्री ओलीले आफू पनि एक साक्षी भएकाले उक्त पुस्तक कुनै उपन्यास वा कथा नभएको र यसमा कुनै बनावटी कुरा नभएको बताए । 'हुन त आफ्नै श्रीमतीको प्रशंसा गर्यो भन्ने पर्ला तर म ढुक्कका साथ भन्न सक्छु, यो पुस्तक २४ क्यारेटको छ । यसको सत्यताबारे कसैले चुनौती दिन सक्दैन', प्रधानमन्त्री ओलीले भने, 'मेरो हुतीले बालकोटमा हाम्रो घर बन्न सक्ने पनि थिएन । त्यो सबै राधिकाको कमाई र मेहनत हो । त्यो घर पनि ट्रस्टका नाममा दान गरिसकिएको छ । मेरो त सानो हुँदा आफूले खनजोत गर्ने गरेको झापाको खेत पनि बाढी पहिरोले बगाइसकेको छ । राधिका नहुने हो भने म अहिलेसम्म यसरी बाँच्न सक्ने थिइनँ ।'

देश र जनताको अधिकारका लागि ज्यानको पर्वाह नगरी हिँडेको आफू जस्तो मान्छेका बारेमा आर्थिक विषयमा अनेक अफवाह फैलाइएको टिप्पणी गर्दै प्रधानमन्त्री ओलीले मुलुकमा लोकतान्त्रिक गणतन्त्रको प्राप्तिलाई आफूले सफलता मानेको बताए । 'जेलबाट चप्पल लगाएर निस्किएको एउटा कैदी प्रधानमन्त्री भयो भनेर होच्याउनेहरू पनि छन् । सायद तिनीहरू श्रीपेच लगाएका मान्छेले आफूलाई रैती बनाएको देख्न चाहन्छन् । जनताको छोरो प्रधानमन्त्री भएको देख्न चाहँदैनन्', ओलीले भने, 'मलाई धेरैले माया र साथ दिन्छन् । मैले लोभ गर्ने हो भने साथीहरूले घर सम्पत्ति जोड्न सहयोग गर्छन् तर मलाई कुनै लोभ छैन । मसँग जे छ, त्यो देश, पार्टी र राज्यको सम्पत्ति हो ।'

बालकोटको घर हाम्रो पसिना र मेहनतबाट बनेको हो: शाक्य

लेखक तथा प्रथम महिला शाक्यल देशका लागि निरन्तर सक्रिय प्रधानमन्त्री ओली जस्तो व्यक्तिबारे अनेक अफवाह र नकारात्मक टिप्पणी गरिएकामा दुःख लाग्ने गरेको बताइन् ।

आफूले नेपाल राष्ट्र बैंकमा ३३ वर्ष जागिर खाएर बालकोटमा घर जोडेको र अहिले पनि पेन्सनबाट खर्च चलाएको उल्लेख गर्दै शाक्यले बालकोटको घरलाई दरबार भनेर प्रचार गर्नेहरूसँग दुःखेसो पोखिन् । 'हाम्रो जीवनशैली सामान्य नै हो । दुःखी, गरिब र असहायलाई सहयोग गर्न पाउँदा खुसी लाग्छ । जीवनको एक-एक हिसाब बुझाउन म तयार छु । बालकोटको घर हाम्रो पसिना र मेहनतबाट बनाइएको हो', प्रथम महिला शाक्यले भनिन्, 'सम्पूर्ण नेपालीले सहज रूपमा लाउन र खान पाउनुपर्छ भन्ने हिसाबले हामी लागिरहेका छौँ ।'

पुस्तकमाथि टिप्पणी गर्दै वक्ताहरूले प्रधानमन्त्री र प्रथम महिलाको जीवनका आरोह-अवरोहमा आधारित पुस्तकले जस्तो सुकै दुःख र कष्टमा पनि आशाको दियो बाल्न सकिन्छ भन्ने सन्देश दिने बताए ।

नेकपा (एमाले)का उपमहासचिव एवं साहित्यकार प्रदीपकुमार ज्ञवालीले प्रतिकूलतामा पनि बाँच्नका लागि पुस्तकले प्रेरणा दिने धारणा राखे । गायिका आनी छोइङ डोल्माले राधिका शाक्यको लेखन र व्यवहार दुवै करुणामय पाइएको अनुभव व्यक्त गरिन् । लेखक अमर न्यौपानेले पुस्तकबाट प्रधानमन्त्री ओलीको आत्मविश्वास र दृढ इच्छाशक्ति तथा त्यो प्राप्तिमा शाक्यको योगदानलाई बुझ्न सकिने बताए ।

युएइमा रोजगार
कम्पनी : DULSCO L.L.C
पूर्व स्वीकृति मिति : २०८१/०६/११ पुनः विज्ञापन स्वीकृति मिति : २०८१/११/१० LT. No. 311432 चलानी नं. ६०२२५९१७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Porter | 169 | 0 | 900 | ३३,८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन १८ गते (2nd March 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No 806/065/66
SIWAKOTI MANPOWER SERVICE PVT. LTD.
Samakhusi, Kathmandu, Nepal, T: + 977 1 4987991/4987992/4954106, M: 9851090365
Email:- iwakoti806@gmail.com, info@siwakoti.com, Web: www.epal.siwakotimanpower.com

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
डडेल्धुरा अस्पताल, डडेल्धुरा
विद्युतिय बोलपत्र आह्वानको सूचना
(पहिलो पटक सूचना प्रकाशन मिति : २०८१/११/११)

चालु आ.व. २०८१/८२ मा यस डडेल्धुरा अस्पताल, डडेल्धुराले Modular OT Setup & Other Equipments खरिद गर्नुपर्ने भएकोले, नेपाल सरकारबाट ईजाजत प्राप्त सम्बन्धित सप्लायर्सहरूले E-Bid गर्नका लागि यो सूचना प्रकाशन गरिएको छ । सूचनाको बिस्तृत विवरण तथा शर्तहरु www.bolpatra.gov.np/egp मा हेर्न सकिनेछ ।

मेडिकल सुपरिटेन्डेन्ट

नारायण माध्यमिक विद्यालय
केशरगञ्ज ईश्वरपुर, सर्लाही
बोलपत्र स्वीकृत गर्ने आशयको सूचना
सूचना प्रकाशित मिती : २०८१।११।११

यस विद्यालयबाट मिति २०८१।०९।२६ मा प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार दर्ता भएका बोलपत्रदाताहरु मध्ये मुल्यांकन समितिको निर्णयानुसार देहायका बोलपत्रदाताको बोलपत्र स्वीकृतिको लागि छनौट भएकोले सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७ र ४७ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ ।

| बोलपत्र नं. | कामको विवरण | बोलपत्रदाताको नाम | कबोल अंक (मु.अ.क. समेत) |
|---|---|---|---|
| SNSS/NCB/WorkS/ 01/081/082 | Construction New School Building of Narayan Ma. Vi. | श्री कैलाशपुरी कन्स्ट्रक्सन प्रा लि, बागमती-११, सर्लाही | ने. रू. ८४,६६,४४५।०६ |

प्रधानाध्यापक

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय
राष्ट्रिय अनुसन्धान विभाग
राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, कैलाली
बोलपत्र स्वीकृत गर्ने आशयको सूचना
(प्रकाशन मिति : २०८१/११/११)

यस कार्यालयबाट तपसिल बमोजिमको निर्माण कार्यका लागि प्रकाशित बोलपत्र आब्हानको सूचनाअनुसार EGP मार्फत दाखिला हुन आएका बोलपत्रदाताहरू मूल्याङ्कन गर्दा निम्न बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूतरूपमा प्रभावग्राही भई स्वीकृतिको लागि पेश भएकाले सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित) को दफा २७ को उपदफा २ तथा सोही ऐनको दफा ४७ को प्रयोजनको लागि ७ (सात) दिने बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सरोकारवाला सबैको जानकारीका लागि जारी गरिएको छ ।

तपसिल

| सि. नं. | खरिद नं. | कामको नाम | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मु.अ. करबाहेक प्रोभिजनल समसमेत) |
|---|---|---|---|---|
| १. | NIDO/KAILALI/ Works/NCB/ 01-2081/82 | Construction of Office Building of National Investigation District Office, Kailali | Sarswati-Shreeram-Goril JV, Dhangadhi Kailali | १,९०,४७,६५४/७० |

उप अनुसन्धान निर्देशक

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# गल्ती छोप्दाछोप्दा खैरो सूचीमा

पछिल्ला दिनहरूमा अर्थतन्त्र संकटतर्फ लागेको धेरै भइसकेको छ । तर वित्तीय अनुशासन उल्लंघन गर्दै अघि बढेको सरकारले नेपाल राष्ट्र बैंकसँग मिलेर एकै स्वरमा भनिरह्यो – अर्थतन्त्र सुधरोन्मुख । अहिले आएर विदेशी सहयोगहरू एकाएक अवरुद्ध भएका छन् भने यही बेला फाइनान्सियल एक्सन टास्कफोर्स–एफएटिएफले नेपाललाई 'ग्रे लिस्ट'मा राखेको छ । सन् २०११ को मूल्यांकनमा नेपालले चारवटा सिफारिस धेरै हदसम्म पालना गरेको, आठ सिफारिस आंशिकरूपमा कार्यान्वयन गरेको र ३५ सिफारिसको पालनामा निकै कमजोर थियो । दुई सिफारिस लागू नै नभएको पाइएको थियो ।

प्रतिवेदनमा नियामकीय र अनुसन्धान निकायका साथै महान्यायाधिवक्ताको कार्यालयले सम्पत्ति शुद्धीकरणका मुद्दालाई प्राथमिकता दिनुपर्ने भनिएको थियो । ठूला आपराधिक गतिविधिमा सम्पत्ति शुद्धीकरणको कोणबाट पनि अनुसन्धान गर्न सुझाव दिइएको थियो । पटकपटक चेतावनी दिँदा पनि नमानेको सरकारले 'ग्रे लिस्ट'मा नपार्न हारगुहार गर्दै गत वर्षको असारमा नेपालबाट गभर्नर महाप्रसाद अधिकारीको नेतृत्वमा ३० जना क्यानडा पठाएका थिए । त्यसपछि हतारहतार सदनबाट सम्पत्ति शुद्धीकरणसम्बन्धी विधेयक पनि संशोधन भयो ।

हारगुहारपछि अघिल्लो भदौमा एफएटीएफले तत्कालका लागि 'ग्रे लिस्ट'मा राखेन । तर भ्रष्टाचार, तस्करी, कर छली र मानव बेचबिखनलगायत अपराध मौलाएकाले नेपाल 'ग्रे लिस्ट'को जोखिममै रहेको चेतावनी दिएको थियो । एपीजीको प्रतिवेदनअनुसार बैंकिङ, सहकारी, बहुमूल्य धातुका व्यापारी, क्यासिनो र रेमिटेन्स प्रदायकहरू पनि सम्पत्ति शुद्धिकरणको जोखिमका रहेका क्षेत्र हुन् । हुन्डी कारोबारले पनि अवस्था जटिल रहेको प्रतिवेदनमा औंल्याइएको थियो ।

प्रतिवेदनमा 'ग्रे लिस्ट'बाट जोगिन १० प्रमुख कामलाई प्राथमिकता दिन सुझाव दिइएको थियो । यो सुझावमा सरकारले तदारुकता देखाएन । 'ग्रे लिस्ट'मा परे कुनै पनि देशलाई विश्व बैंक, अन्तर र्राष्ट्रिय मुद्रा कोष, एसियाली विकास बैंकलगायतले ऋण तथा आर्थिक सहायता नियन्त्रण गर्ने, अनुदान र सहायता बन्द गर्ने सम्भावना रहन्छ । त्यसपछि पनि सुधार नभए देश कालोसूचीमा जाने र विश्वव्यापी नाकाबन्दीको सिकार हुने अवस्था आउन सक्छ । कालोसूचीमा परेको देशबाट अन्तर्राष्ट्रिय बैंकिङ कारोबारमा नियन्त्रण र प्रतीतपत्र कारोबार गर्न कठिनाइ हुन्छ । यस्तो अवस्थामा विदेशी लगानी निरुत्साहित हुने, अन्तर्राष्ट्रिय जगतमा देशको वित्तीय साख घट्ने तथा सरकार र नागरिकको विदेशमा रहेको सम्पत्ति जोखिममा पर्ने हुन्छ । अहिले अमेरिकाले ठुलोमात्रमा लगानी रोकेको छ । यसरी सरकारले ख्यालख्याल गर्दा देश खैरो सूचीमा परेको छ । ढाटेको कुरा जति लुकाउन खोजे पनि लुक्दैन भने झैं संकट छतछुल्ल भएको छ । अब सरकारले यो गल्ती छोप्न अर्को गल्ती नगरी सुधारको बाटोमा लाग्नुपर्छ ।

## श्रम सरोकार

### पहिलोपटक वैदेशिक रोजगारीमा जाँदा यी कुरामा ध्यान दिऔं

वैदेशिक रोजगारीमा पहिलोपटक जाँदै हुनुहुन्छ भने विमानस्थलमा पुग्ने समयदेखि विभिन्न कुरामा ख्याल गर्नुपर्छ । अन्यथा दुःख पाइनुका साथै उडान नै छुट्ने जोखिम हुन्छ । साथै विमानस्थलमा अन्य विषयमा पनि ध्यान दिन जरुरी छ ।

विदेश जाँदा हवाइ टिकट हेरी उल्लिखित प्रस्थान समयभन्दा कम्तीमा तीन घण्टाअघि नै विमानस्थलमा पुग्नुपर्छ । वैदेशिक रोजगारमा जानेहरूका लागि अचेल त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अतिरिक्त चेकजाँच हुन्छन् र प्रायः भीडभाड नै हुने भएकाले यी चेकजाँचमा पनि धेरै नै समय लाग्दछ । टिकटमा तोकिएको तौल सीमाभन्दा बढी र जहाजमा बर्जित सामानहरू जस्तैः लाइटर, चक्कु, झोल कुरा, क्रिम, अल्कोहलजन्य पदार्थ, लागुऔषध तथा लेभल नलागेका शंकास्पद खाद्यसामग्री लैजानु हुँदैन ।

प्रतिबन्धित सामग्री भेटिएमा जेल सजायसमेत हुनसक्छ । एयरलाइन्सले टिकट, पासपोर्ट, भिसा सबै चेक गरेपछि बोर्डिङ पास दिन्छ र सामान तथा हाते ब्यागका लागिसमेत टचाग दिन्छ । यी टचागहरूलाई सुरक्षित राख्नुपर्दछ, सामान हराएमा यही टचाग देखाएर क्षतिपूर्ति लिन सकिन्छ । सबै कागजातहरू हाते ब्यागमा या हातैमा राख्नुपर्छ र जहाँ-जहाँ मागिन्छ तुरुन्तै देखाउनुपर्दछ ।

कुनै पनि कागजातहरू केरमेट गरिएको हुनुहुँदैन । अरबी या अंग्रेजीबाहेकका विदेशी भाषाका डकुमेन्टहरू पहिल्यै अंग्रेजीमा (मान्यताप्राप्त अनुवादकबाट) अनुवाद गराइएको हुनुपर्दछ । विमानस्थलमा जाँदा र उत्रिँदा, अलमल नगरी, शिष्ट र सभ्य बनी लाइनमा उभिनुपर्छ र जाँचकी तथा सुरक्षाकर्मीले सोधेका प्रश्नहरूको स्पष्ट जवाफ दिँदै मागेका कागजात देखाउनुपर्दछ । अन्तिममा अध्यागमनका कर्मचारीले पासपोर्टमा 'डिपार्चर स्टचाम्प (छाप)' लगाइदिन्छन् र यही नै विदेश उडेको रेकर्ड पनि हुन जान्छ । यो छाप लागे नलागेको निर्क्योल गर्नुपर्छ ।

गन्तव्यमुलुकको विमानस्थलमा उत्रिएपछि त्यहाँको अध्यागमनको प्रक्रियाहरू पूरा गर्नुपर्दछ । रोजगारदाता कम्पनीको नाम, ठेगाना, सम्पर्क व्यक्ति र सम्पर्क नम्बरहरू मोबाइल नम्बरसमेत अनिवार्य लिनुपर्दछ । त्यहाँको नेपाली दूतावास साथै एनआरएनएजस्ता सहयोगी संस्थाका सम्पर्क नम्बर पनि लिएर जाँदा राम्रो हुन्छ ।

# प्रजातन्त्र र समाजवाद उन्मुख अर्थतन्त्र



शीतलप्रसाद महतो

> अभावबाट मुक्ति, दिगो र समानुपातिक विकास, स्वतन्त्रता र पहिचानसहितको आत्मसम्मानयुक्त जीवन आमनेपालीको अभिलाषा हो । सम्मानजनक र लाभजन्य रोजगारी सिर्जना गर्ने तथा आर्थिक असमानता घटाउँदै क्षेत्रीय र प्रादेशिक सन्तुलन कायम गर्ने, रोजगारमूलक, गरिबोन्मुख र फराकिलो आर्थिक वृद्धिदर हासिल गर्ने, सुशासन र सेवा प्रवाहमा प्रभावकारिता देखाउने, भौतिक पूर्वाधार विकासमा लगानी वृद्धि गर्ने तथा सामाजिक विकासमा जोड दिई समावेशी विकाससहितका लक्षित कार्यक्रम सञ्चालन गर्नेजस्ता विषयहरू चुनौतीपूर्ण बन्दै गएका छन् । त्यसैले अबको मुख्य दायित्व भनेको नै गरिबी निवारण, भूकम्पपछिको पुनर्निर्माण र मुलुकको आर्थिक तथा सामाजिक विकास एवं समृद्धि हुनुपर्छ ।

मुलुकको आर्थिक रूपान्तरण अहिलेको आम चासोको मुख्य विषय हो । पछिल्लो समय यो राजनीतिक असन्तुष्टि पोख्ने मुख्य मुद्दा पनि बनेको छ । मुलुकमा प्रजातन्त्र स्थापना भएको चार दशकभन्दा बढी भइसक्दा पनि आमनागरिकको आर्थिक अवस्थामा बदलाव ल्याउन नसकेकामा आम असन्तुष्टि तीव्र देखिन्छ ।

आर्थिक रूपान्तरण हुन नसक्दा मुलुकमा गरिबी, बरोजगारी र असमानता झन् बढ्दो छ । यसो हुनुका प्रमुख कारण राजनीतिक अस्थिरता र छिटोछिटो सरकार परिवर्तनलाई देखाइने गरिन्छ । त्यसो त सरकार परिवर्तनको कार्यलाई लोकतान्त्रिक अभ्यासको रूपमा व्याख्या गरिएको छ । नेपालको संविधानले समाजवादोन्मुख संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था भएको समावेशी राष्ट्रको रूपमा आफूलाई स्थापित गरेको छ ।

हुन त समाजवाद, सामाजिक न्याय र समानताका लागि आवश्यक छ । अर्को अर्थमा भने हो भने समाजको हित नै समाजवाद हो । वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्दै समानुपातिक, समावेशी र सहभागितामूलक शासन पद्धतिको माध्यमद्वारा दिगो विकास, सुशासन र समृद्धि स्थापना गर्नु नै समाजवादी अर्थव्यवस्थाको मूल लक्ष्य रहेको छ । यो लक्ष्यमा पुग्नका लागि मुलुकको संघीय संरचनामा तीन तहको सरकारको व्यवस्था गरेको छ । मुलुकमा उच्चस्तरको आर्थिक रूपान्तरण हासिल गर्ने हो भने तीनै तहका सरकारले गरिब, विपन्न र आर्थिक तथा सामाजिकरूपमा पिछडिएका वर्ग एवं समुदायलाई राष्ट्रिय विकासको मूलप्रवाहमा ल्याई उनीहरूलाई राज्यको उत्पादनशील स्रोत साधनमाथिको पहुँच, उपभोग र नियन्त्रणमा समानता र न्याय स्थापना गर्नै पर्दछ ।

वास्तवमा राणाशासनको अन्त्य गर्दै २००७ फागुन ७ गते स्थापना भएको प्रजातन्त्रले नै मुलुकमा आर्थिक विकासको जग राखेको थियो । २०४६, २०६३ र २०६५ सालको परिवर्तनको जग र २०७२ सालको संविधानको आधार पनि २००७ सालको प्रजातन्त्र नै हो । त्यसैले प्रजातन्त्रलाई बलियो बनाउनु गणतन्त्र र संघीयताका उपलब्धिलाई संस्थागत गर्ने आधार पनि हो । प्रजातन्त्रका उपलब्धिको लाभ आम जनसमुदायसम्म पुऱ्याउन राज्यका सबै संरचनामा जनताको सहभागिता आवश्यक हुन्छ । राज्यका सबै संरचनामा जनताको सहभागिता प्रजातन्त्रमा मात्र सम्भव हुन्छ ।

प्रजातन्त्रको विकल्प भनेको अझ उन्नत लोकतान्त्रिक अभ्यासमात्र हुन्छ । कुनै पनि मुलुकलाई अगाडि बढाउने दिशामा त्यहाँको संविधान नै मूलदृष्टि र मार्गचित्र हुने गरेको छ र हुनु पनि पर्दछ । मुलुकमा संघीयताको कार्यान्वयनसँगै आमनागरिकले आधारभूत वस्तु तथा सेवाको सुनिश्चित, गरिबीबाट मुक्ति, रोजगारीको उपलब्धता, सामाजिक न्याय र समता, सामाजिक कल्याण र सुरक्षा, स्वतन्त्रता, नागरिक तथा राजनीतिक अधिकारको प्रत्याभूति, मानवअधिकारको सम्मान, स्वच्छ र सफा प्राकृतिक वातावरण, सक्षम सुदृढ, सबल र प्रभावकारी प्रशासकीय संयन्त्र र सेवाप्रवाहमा गुणस्तरीयतासहितको सबैले अनुभूति गर्न सक्ने विकासको अपेक्षा गरेका छन् । नेपालको संविधानको मूल सार नै समाजवादोन्मुख राष्ट्र निर्माण गर्ने उल्लेख भएबाट नेपालको आगामी यात्रा समुन्नत समाजवादी राष्ट्र निर्माणतर्फ केन्द्रित भएको स्पष्ट छ । त्यसैले हाम्रो विकासको अवधारणा अब उपेक्षित, शोषित र बहिष्करणमा परेका समुदायको समानुपातिक समावेशीकरण, जोखिम व्यवस्थापन, सुशासनको प्रत्यभूति, दिगो शान्ति तथा समावेशी र समानुपातिक समन्यायिक विकाससहित राजनीतिक, आर्थिक, सामाजिक, वातावरणीय र प्रशासकीय समुत्थानतर्फ केन्द्रित हुनुपर्दछ । समाजवाद उन्मुख आर्थिक विकासका लागि स्थानीय, प्रदेश र संघीय तहमा आर्थिक, सामाजिक र वातावरणीय विकास तथा प्राकृतिक स्रोत व्यवस्थापनसम्बन्धी नीति कस्तो हुनुपर्छ भन्ने कुरामा अब बहस चलाउनु आवश्यक छ । त्यसैले अबको हाम्रो लक्ष्य भनेको नै संघीयता कार्यान्वयनमार्फत समृद्ध र सम्मुन्नत नेपालको निर्माण गर्नु नै हो । यसैतर्फ नेपालका नीति तथा कार्यक्रम उन्मुख हुनुपर्छ ।

## स्रोतसाधन र सम्पत्तिको न्यायोचित बाँडफाँट

संघीयता त्यतिबेला प्रभावकारी हुन्छ, जब राज्यका तीनै तहसँग स्रोतसाधनको उपयुक्त पहुँच र अधिकार सुनिश्चित हुन्छ । स्थानीय तह, प्रदेश र केन्द्रीय सरकारबीच एवं प्रदेश-प्रदेश र प्रदेश-स्थानीय तहबीच सम्पत्ति तथा आम्दानीको यथोचित बाँडफाँट नै संघीयतामा आधारित शासन प्रणालीको सफलताको प्रमुख सर्त हो । त्यसैले संघीय संरचनामा मुलुकको साधन र स्रोतको न्यायोचित बाँडफाँटलगायतका काम गर्न संवैधानिक अंगका रूपमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको परिकल्पना संविधानले गरेको छ ।

मुलुकमा उपलब्ध साधनस्रोत र आम्दानी कसरी विभिन्न तहबीच बाँडफाँट गर्ने भन्ने प्रस्ट विधि निर्धारण गर्न तत्काल राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग गठन गनुपर्ने अहिलेको अपरिहार्य आवश्यकता छ । वास्तवमा समाजवादी शासन अर्थ व्यवस्थाका मूलभूत विशेषता भनेको नै उत्पादकत्व वृद्धि, उत्पादनका साधनस्रोतमाथि स्थानीय, समुदाय, उत्पादक र श्रमिक वर्गको पहुँच र नियन्त्रणको सुनिश्चित, खुला र प्रतिस्पर्धी बजारको विकास एवं पुँजीमा वृद्धि, समन्यायिक कर प्रणाली, पुँजीको पुनःवितरण र स्वतन्त्र सामुदायिक जनसंगठनको विकास र समृद्ध समावेशी राष्ट्र निर्माण आदि हुन् । नेपालको प्राकृतिक स्रोतसाधन (जल, जंगल, जमिन) को दिगो व्यवस्थापन गर्दा समाजवादी अर्थव्यवस्थाका यिनै विशेषताहरूलाई आधार मानेर गर्नुपर्छ ।

### (क) उत्पादकत्व वृद्धि

नेपालको प्राकृतिक स्रोत साधन र उद्योग कलकारखानाको उत्पादन र उत्पादकत्व क्षमतामा व्यापक परिमाणमा वृद्धि गर्नुपर्ने हुन्छ । मुलुकमा राष्ट्रिय उत्पादकत्व वृद्धि हुन नसक्दा नै नेपालको अर्थतन्त्र परनिर्भरतातर्फ उन्मुख भएको छ । कृषिप्रधान मुलुक भएर पनि खाद्यान्नमा परनिर्भर हुनु परेको तीतो यथार्थ हामीसँग छ । कूल गार्हस्थ उत्पादनमा विप्रेषणको महत्त्वपूर्ण योगदान देखिए पनि यसको अधिकांश हिस्सा अनुत्पादक क्षेत्रमा अर्थात् उपभोगमा मात्र खर्च हुने गरेको छ । त्यस्तो उपभोग आयातीत वस्तुबाट पूरा हुने हुँदा आयात वृद्धि भई व्यापारघाटा चुलिँदै गएको हो । 'हरियो वन नेपालको धन' भन्दा हामीलाई गर्व लाग्ने गर्दथ्यो तर अहिले त्यो इतिहासमा सीमित भइसकेको छ ।

हरियो वन सक्यो, चुरे विनासमा पनि तीव्रता हुँदै छ । नदीनाला र खोलाको ढुंगा बालुवामा माफियाहरूको विगबिगी कहिल्यै अन्त्य भएन । मुलुकमा बर्सेनि अर्बौं रूपैयाँ मूल्यबराबरको काठ र जडीबुटीबाट बनेका औषधि तथा सामग्री आयात भइरहेका छन् । तीन दशकअघिसम्म चामल निर्यात गर्ने नेपाल अहिले हरेक महिना सरदर दुई अर्ब रूपैयाँको चामल आयात गर्ने मुलुकमा परिणत भएको छ ।

विगत १० वर्षमा कृषिको वार्षिक उत्पादन तीन प्रतिशतभन्दा नबढेको तथ्यांक छ । कम्तीमा दुईतिहाइ जनता कृषिमा आधारित भएर जम्मा एकतिहाइ मात्र कूल गार्हस्थ उत्पादन गर्ने नेपालको कृषि उत्पादन र उत्पादकत्व बढाउने दीर्घकालीन कृषि योजना आयो र गयो पनि तर उपलब्धिजस्ताको त्यस्तै रह्यो । यस्तो अवस्थामा अब संघीय, प्रदेश र स्थानीय सरकारले उपयुक्त प्रकारको नीति, कार्यक्रम बनाई यसको प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्छ । साथै, प्राकृतिक स्रोत साधनको दिगो व्यवस्थापनसँगै उत्पादन र उत्पादकत्व क्षमता अभिवृद्धि गर्नुपर्छ । त्यस्तै पुँजी, प्रविधि र व्यवस्थापनको माध्यमबाट नेपालको कलकारखाना र उद्योगको उत्पादन क्षमता र उत्पादकत्व वृद्धि गर्नुपर्छ ।

### (ख) उत्पादक वर्ग (स्थानीय समुदाय र श्रमिक) को हकहितको रक्षा

प्राकृतिक स्रोत साधन र उद्योग कलकारखानाहरू उत्पादनका साधन हुन् । यी उत्पादनका साधन स्रोतमाथि उत्पादक वर्ग अर्थात् स्थानीय समुदाय र श्रमिक वर्गको अधिकार र सम्मानजनक सहभागिता भएन भने उत्पादकत्व वृद्धि हुन सक्दैन । यसका लागि उपयुक्त प्रकारका प्रविधि, पुँजी, सीप र लगानीको पनि उत्तिकै आवश्यकता पर्छ । त्यसैले समाजवादोन्मुख राष्ट्र निर्माणका लागि प्राकृतिक स्रोतसाधनमाथि स्थानीय समुदाय, आदिवासी, जनजाति, दलित, महिला र गरिब तथा विपन्न वर्ग एंव समुदायको सार्वभौम अधिकारको सुनिश्चित नीतिगत र कानुनीरूपमा गर्नुपर्छ । किनभने प्राकृतिक स्रोतमा निर्भर समुदाय, उद्योग, कलकारखानामा काम गर्ने श्रमिक वर्ग नै प्रमुख रूपमा उत्पादक वर्ग हुन् । कुनै पनि मुलुकको सामाजिक, राजनीतिक, आर्थिक, वर्गीय, क्षेत्रीय, प्रादेशिक सबै समस्याहरूको सोझो सम्बन्ध त्यहाँको आर्थिक गतिविधिसँग गाँसिएको छ । किनभने आर्थिक सम्बन्ध वा अन्तरसम्बन्धमा देखापर्ने जटिलता वा समस्याका कारण नै समाजमा सामाजिक, राजनीतिक, धार्मिक, वर्गीय, जातीय, लिंगीय विभेद्हरू सिर्जना हुन्छ । यिनै विभेद्हरू गहरिएर बढ्दै जाँदा समाजमा द्वन्द्व, विद्रोह र विखण्डनजस्ता कुराले प्रश्रय पाउँछन् । त्यसैले आर्थिक सम्बन्ध वा अन्तरसम्बन्ध तथा यसबाट सिर्जित सामाजिक, प्रादेशिक र राष्ट्रिय तरंगहरूको विश्लेषण गर्नु भनेको नै मुलुकमा विद्यमान समस्या वा जटिलताहरूको सूक्ष्मरूपमा उपचार खोज्न सक्नु नै हो ।

### (ग) स्वतन्त्र बजार र पुँजीको विकास

प्राकृतिक स्रोत साधनको दिगो व्यवस्थापन र उद्योग कलकारखाना एवं सेवा क्षेत्रबाट भएको उत्पादनलाई बजारमा स्वतन्त्रतापूर्वक प्रवेश गर्न दिई पुँजीबजारको विकास गर्न दिन सक्नुपर्छ । स्थानीयदेखि राष्ट्रिय उत्पादनको सुरक्षाका लागि राज्यले आवश्यक नीति, कार्यक्रम र बजेट विनियोजन गरी त्यसको प्रभावकारी कार्यान्वयन गर्नुपर्छ । किनभने स्वतन्त्र बजार र पुँजीको विकास नै समाजवादी अर्थव्यवस्थाको मूल मर्म हो ।

### (घ) समन्यायिक कर प्रणाली

कर तिर्नु प्रत्येक नागरिकको कर्तव्य र दायित्व पनि हो । त्यस्तै नागरिकबाट संकलित करको सही र उपयुक्त उपयोग गर्नु राज्यको दायित्व हो । तर नेपाली समाजमा कर तिर्नुपर्छ भन्ने मान्यता स्थापित भइनसकेको अवस्थामा आम नागरिकलाई सहजरूपमा कर तिर्ने वातावरणको सिर्जना गर्नु राज्यको कर्तव्य हो । नागरिकले कर तिरेअनुसारको सेवासुविधा प्रदान गर्न नसक्नु र सोही करको दुरूपयोग गर्दै पहुँचवालाहरूले व्यक्तिगत प्रयोजनमा खर्च गर्ने प्रवृति नै यसको प्रमुख कारण हो । राज्यलाई प्रभाव पार्न सक्ने सीमित व्यक्तिले यसरी करको दुरूपयोग गर्दा समग्र कर नीति र प्रणालीप्रति नै आमजनताको नकारात्मक सोच उत्पन्न हुनु दुर्भाग्यपूर्ण हो । स्वतन्त्र बजार र पुँजीको विकाससँगै त्यसबाट हुने आम्दानीमा समन्यायिक कर प्रणालीको विकास गर्नुपर्छ । यसो भन्नुको अर्थ धेरै आम्दानी गर्नेले धेरै कर तिर्ने र कम आम्दानी गर्नेले कम कर तिर्ने र कमाई गर्न नसक्ने गरिब, विपन्न वर्गले कर छुट प्राप्त गर्ने कर प्रणाली नै समन्यायिक कर प्रणाली हो ।

### (ङ) पुँजी र राजस्वको न्यायोचित वितरण

समाजवादोन्मुख समृद्ध राष्ट्र निर्माणका लागि आर्जन गरेको पुँजी र जम्मा भएको राजस्वलाई स्थिर भएर राख्नुभन्दा यसको न्यायोचित परिचालन गर्नुपर्छ । यस्तो पुँजी र राजस्वको बाँडफाँट गर्दा गरिब, विपन्न जनताको जीविकोपार्जनको समस्या समाधान गर्न ज्येष्ठ नागरिक, विधुवा, शारीरिक अशक्त, बालबालिका आदिका लागि विशेष भत्ता व्यवस्था गर्नुपर्छ । यसैगरी पिछडिएको वा पछाडि पारिएको दुर्गम र अन्य क्षेत्रमा विशेष बजेट र कार्यक्रम सञ्चालन गर्नुपर्छ । साथै, मानवीय पुँजी बढाउन, भोकमरी कम गर्न र खाद्यसुरक्षा कायम गर्नमा यसले महत्त्वपूर्ण योगदान गर्छ । त्यस्तै रोजगारी प्रवर्द्धन गरी समग्रमा समावेशी आर्थिक विकास एवं वृद्धि हासिल गर्नमा यसको भूमिका महत्त्वपूर्ण रहेको छ । आय र अवसरहरूमा सबैको समानुपातिक पहुँच बढाउने आर्थिक नीतिलाई बल पुऱ्याउने हुँदा सामाजिक सुरक्षा कार्यक्रमलाई विश्वका धेरैजसो मुलुकले आत्मसात् गर्दै आएका छन् ।

सामाजिक सुरक्षा भनेको कुनै व्यक्ति वा लक्षित समूहलाई नगद हस्तान्तरण गर्नु भन्नेमात्र होइन, उनीहरूका लागि आयमूलक, अन्य मानवीय विकासको अवसर सिर्जना र कर सहुलियत, बजार सम्बन्ध, शैक्षिक र स्वास्थ्यजन्य पहुँच सुनिश्चित गर्नु पनि हो । सामाजिक सुरक्षा कार्यक्रमअन्तर्गत कुनै देशले वृद्धवृद्धा वा ज्येष्ठ नागरिक वा गरिबलाई सोझै नगद अनुदान दिइने व्यवस्था गरेका हुन्छन् भने धेरैजसो देशले त आयआर्जन र अन्य समान पहुँचको अवधारणालाई अभ्यास गर्दै आएका छन् ।

### (च) स्वतन्त्र, आत्मनिर्भर र समृद्ध राष्ट्र निर्माण

अभावबाट मुक्ति, दिगो र समानुपातिक विकास, स्वतन्त्रता र पहिचानसहितको आत्मसम्मानयुक्त जीवन आमनेपालीको अभिलाषा हो । सम्मानजनक र लाभजन्य रोजगारी सिर्जना गर्ने तथा आर्थिक असमानता घटाउँदै क्षेत्रीय र प्रादेशिक सन्तुलन कायम गर्ने, रोजगारमूलक, गरिबोन्मुख र फराकिलो आर्थिक वृद्धिदर हासिल गर्ने, सुशासन र सेवा प्रवाहमा प्रभावकारिता देखाउने, भौतिक पूर्वाधार विकासमा लगानी वृद्धि गर्ने तथा सामाजिक विकासमा जोड दिई समावेशी विकाससहितका लक्षित कार्यक्रम सञ्चालन गर्नेजस्ता विषयहरू चुनौतीपूर्ण बन्दै गएका छन् । त्यसैले अबको मुख्य दायित्व भनेको नै गरिबी निवारण, भूकम्पपछिको पुनर्निर्माण र मुलुकको आर्थिक तथा सामाजिक विकास एवं समृद्धि हुनुपर्छ । यसका लागि सरकार र राजनीतिक दल अत्यन्त गम्भीर भएर संघीयताको उपयुक्त अवधारणालाई प्रभावकारी र व्यवस्थितरूपमा कार्यान्वयनमा ल्याउन सक्नुपर्दछ ।

संघीयतासहित समावेशी स्वरूपमा आधारित आर्थिक, सामाजिक, राजनीतिक र संस्थागत नीतिको अवलम्बनबाट मात्र आर्थिक समृद्धि र सामाजिक न्यायसहितको आर्थिक विकास हुन सक्दछ । त्यति भए मुलुक अवश्य आर्थिकरूपले समृद्ध र समाजवादोन्मुख अर्थतन्त्रको विकास सुनिश्चित हुन्छ । *रासस*



**अछामी ओखल** | अछामको रामारोशन गाउँपालिका-५ का महिला ओखलमा धान कुट्दै । पछिल्लो समय आधुनिक मिलको प्रयोगसँगै घरेलु उद्योगका रूपमा प्रयोग हुँदै आएको ओखल प्रयोग हराउँदै गएको छ । *तस्बिरः सुशील भण्डारी / रासस*

# निःशुल्क शिक्षा दिन एक करोडको कोष

**बागलुङ–** बागलुङको धौलागिरि बहुमुखी क्याम्पसमा जेहेन्दार र विपन्नलाई निःशुल्क रूपमा पठनपाठन गर्नका लागि कोष स्थापना गरिएको छ । गत वर्षको तिहारमा देउसीभैलो खेलेर एक करोड रूपैयाँको कोषको आरम्भ गरिएकामा कोष हस्तान्तरणको तयारीमा पुगेको छ । अहिले कोषमा ७५ लाख सङ्कलन गरिएको छ । धौलागिरिको एकमात्र आङ्गिक क्याम्पस धौलागिरि बहुमुखी क्याम्पसमा जेहन्दार र विपन्न विद्यार्थीलाई निःशुल्क उच्च शिक्षा दिनका लागि स्वतन्त्र विद्यार्थी युनियनको अगुवाइमा रु एक करोडको छात्रवृत्ति कोष गत वर्ष शुभारम्भ गरिएको थियो ।



उक्त कोषलाई छिट्टै एक करोड पुऱ्याएर क्याम्पसलाई हस्तान्तरण गर्ने तयारी गरिएको र अहिलेसम्म ७५ लाख सङ्कलन भइसकेको स्वतन्त्र विद्यार्थी युनियनका सभापति सुदीप सागर कँडेलले जानकारी दिए । कोष निर्माणका लागि धौलागिरि बहुमुखी क्याम्पस परिवार, शिक्षाप्रेमी, पूर्वविद्यार्थी तथा स्थानीय तहले राम्रो साथ दिएका छन् ।

कोषको ब्याज रकमबाट क्याम्पसमा अध्ययनरत विद्यार्थीमध्ये प्रत्येक वर्ष एक सय विद्यार्थीलाई निःशुल्क शिक्षा दिइने सभापति कँडेलले जानकारी दिए । आर्थिक अवस्था कमजोर भएका विद्यार्थीको पठनपाठनमा सहयोग पुऱ्याउने उद्देश्यले स्वतन्त्र विद्यार्थी युनियनले रु एक करोड 'धौलागिरि बहुमुखी क्याम्पस छात्रवृत्ति कोष' निर्माण अभियान अन्तिम चरणमा पुगेको हो । कोष निर्माणका लागि देउसीभैलोमार्फत ४५ लाख सङ्कलन भएको र काठेखोला गाउँपालिकाले तीन लाख तथा पर्वतको जलजला गाउँपालिकाले एक लाख प्रदान गरिसकेको कँडेलको भनाइ छ । यस्तै शिक्षाप्रेमी, समाजसेवी, अग्रजको सम्झनामा समेत कोषलाई २० लाख रकम प्राप्त भइसकेको उनले बताए ।

उनका अनुसार कोष निर्माणमा पूर्वविद्यार्थीले साथ दिइरहेका छन् । कोषमा एक करोड पुऱ्याउन स्थानीय तहमा निर्णय भएअनुसार प्राप्त भए लक्ष्यमा पुगिनेछ । कोषमा बागलुङ नगरपालिकाले रु पाँच लाख, तमानखोला गाउँपालिकाले पाँच लाख र बरेङ गाउँपालिकाबाट दुई लाख गरी रु १२ लाख रकम दिने निर्णय भइसकेको र जम्मा हुँन बाँकी रहेको कँडेलले बताए ।

'धौलागिरि क्याम्पसमा विद्यार्थी सङ्ख्या घट्दो छ, पलायन विद्यार्थीलाई यही राख्न र निःशुल्क उच्च शिक्षा प्रदान गर्नका लागि कोषले ठूलो सहयोग गर्नेछ', कँडेलले भने, 'स्वतन्त्र विद्यार्थी युनियनले कोष निर्माण र सङ्कलन गरे पनि कोषको रकम एक करोड पुऱ्याएर क्याम्पसलाई दिइनेछ, प्रत्येक वर्ष एक सय विद्यार्थीको अध्ययन खर्च कोषको ब्याज रकमबाटै दिइनेछ ।'

क्याम्पसमा अध्ययन गर्न आउने आर्थिक अवस्था कमजोर भएका विद्यार्थीलाई छात्रवृत्ति रकममार्फत निःशुल्क अध्यापन गराउने उद्देश्य पूरा हुने चरणमा पुगेको हो । कोष निर्माणमा क्याम्पसका प्राध्यापकले एक महिनाको तलब सहयोग गरेका थिए । क्याम्पस र समुदायबीचको सम्बन्ध तथा सहकार्य बढाउन, उच्च शिक्षा अध्ययनतर्फ विद्यार्थीको आकर्षण बढाउन कोष निर्माण गरिएको हो ।

आर्थिक अभावकै कारण उच्च शिक्षाबाट बञ्चित विद्यार्थीलाई कोषले सहायता प्रदान गर्ने क्याम्पस प्रमुख सहप्रध्यापक डा सुदर्शन सिलवालले जानकारी दिए । बागलुङ-३ किनारा टोल निवासी समाजसेवी भीमसेनकुमार श्रेष्ठ र उनकी श्रीमती पार्वती श्रेष्ठले विपन्न विद्यार्थीको अध्ययनमा सहयोग होस् भनी क्याम्पसमा श्रेष्ठ परिवारले रु दुई लाख सहयोग गरेका थिए ।

कोषको ब्याजको रकमबाट क्याम्पसमा अध्ययन गर्ने विपन्न विद्यार्थीको पठनपाठनमा सघाइने क्याम्पसका पूर्वप्रमुख प्रा डा रामप्रसाद उपाध्यायले जानकारी दिए । 'अहिले पनि हामीले विद्यार्थीलाई केही छात्रवृत्ति उपलब्ध गराएका छौं, तर त्यसले मात्र पुग्दैन', उनले भने, 'क्याम्पसमा स्थापना गरिने रु एक करोडको कोषले आर्थिक अभावकै कारण पढाइ छाड्नुपर्ने बाध्यतालाई अन्त्य गर्दै क्यापसको शैक्षिक गतिविधिलाई चलायमान बनाउनेछ ।' क्याम्पसमा अहिले दुई हजार विद्यार्थी अध्ययनरत रहेका छन् । *रासस*

# चितवन राष्ट्रिय निकुञ्जलाई बाघ पाल्न कठिन




**चितवन–** चितवन राष्ट्रिय निकुञ्जमा खोरमा सात वटा बाघ पालिएका छन् । ती बाघलाई दैनिक पाँच किलो मासु खुवाउनुपर्ने हुन्छ । कार्यालयको वार्षिक बजेटले दुई महिना मात्रै पुग्ने गर्दछ ।

निकुञ्जका सूचना अधिकारी अविनाश थापामगरका अनुसार चालु आर्थिक वर्षमा बाघको आहारका लागि चार लाख ३८ हजार बजेट निकासा भएको छ । एक महिनामा सात वटा बाघलाई दैनिक पाँच किलोका दरले राँगाको मासु खुवाउँदा मासिक दुई लाख दुई हजार पाँच सय खर्च हुन्छ । साउन र भदौको मासुको भुक्तानी भएको भए पनि त्यस यताको भुक्तानी हुन सकेको छैन ।

बाघलाई दैनिक मासु खुवाइरहेको भए पनि भुक्तानी गर्न नसकिएको उनले जानकारी दिए । निकुञ्जको कसरामा तीन, देवनगरमा दुई र सौराहामा दुई बाघ खोरमा छन् । झण्डै दुई महिनाअघि माडीमा नियन्त्रणमा लिइएको बाघलाई राख्ने ठाउँ नभएर पर्सा पठाइएको थियो ।

'हामीसँग खोरमा राखिएका बाघको आहारा र आवश्यक परेमा नियन्त्रणमा लिएर थप बाघ राख्ने ठाउँ छैन,' उनले भने । बर्सेनि बाघको आहाराका लागि बजेट घट्दै जाने र नियन्त्रणमा लिनुपर्ने बाघ थपिँदै जाने हुँदा समस्या भएको उनले बताए । थप बजेटका लागि निकुञ्जले विभागमा पत्राचार गर्ने तयारी गरेको छ । बाघ हिंस्रक बनेमा नियन्त्रणमा लिएर खोरमा राख्ने गरिन्छ । पछिल्लो गणनाअनुसार चितवन राष्ट्रिय निकुञ्जमा बयस्क एक सय २८ बाघ रहेका छन् । *रासस*

# कुम्भमेलाबाट फर्किएका चार नेपाली तीर्थयात्रीको मृत्यु

**सप्तरी–** भारतको उत्तर प्रदेशस्थित प्रयागराजमा जारी कुम्भमेलाबाट घर फर्किएका यहाँका चार जनाको सवारी दुर्घटना मृत्यु भएको छ भने अन्य छ जना घाइते भएका छन् ।

उत्तर प्रदेशका गोरखपुर लिङ्क रोडमा गए राति भएको दुर्घटनामा कञ्चनरूप नगरपालिका- ७ का ६५ वर्षीय परशुराम चौधरी, ६४ वर्षीया लिलावती चौधरी, वडा नम्बर- ५ की ५५ वर्षीया हरिहर वती यादव र उनकी भाउजू सुनसरीको कुशहा गाउँपालिका- १ की समतोलियादेवी यादवको मृत्यु भएको कञ्चनरूप नगरपालिका- ७ का वडाध्यक्ष समानन्द चौधरीले बताए ।

सोही गाडीमा सवार लिलावतीका श्रीमान् कञ्चनरूप नगरपालिका १ स्थित लक्ष्मीनारायण माधयमिक विद्यालय वैरवाका शिक्षक उपेन्द्र नारायण चौधरी, वडा नम्बर ७ कै लालुदेबी यादव, वडा नम्बर ५ का जीतु यादव, मुकेश यादव, उदयपुर निवासी उपेन्द्रका बहिनीज्वाई र चालकसहित ६ जना घाइते भएका छन् । उनीहरूको गोरखपुर अस्पतालमा उपचार भइरहेको छ ।

तीन जना मृतकका छोरा शव लिन तीन वटा एम्बुलेन्स लिएर गोरखपुरतर्फ आज प्रस्थान गरेका वडा अध्यक्ष चौधरीले राससलाई जानकारी दिए । *रासस*

# उडिसाबाट काँकरभिट्टा नाका हुँदै २० जना विद्यार्थी फर्किए




**झापा–** भारतको उडिसास्थित कालिङ्गा इन्स्टिच्युट अफ इन्डस्ट्रियल टेक्नोलोजी (किट)मा अध्ययनरत २० जना विद्यार्थी काँकरभिट्टा नाका हुँदै नेपाल फर्किएका छन् ।

गत फागुन ६ गतेदेखि सो नाका हुँदै आज बिहानसम्म २० जना विद्यार्थी नेपाल फर्किएको जिल्ला प्रहरी कार्यालय झापाका निमित्त प्रवक्ता प्रहरी निरीक्षक विजय चौहानले जानकारी दिए । 'दैनिक एक दुई जना फर्किरहेका छन्', चौहानले भने, 'आउनेक्रम जारी छ, आएका विद्यार्थीहरू आफ्नो गन्तव्यतर्फ लागिसकेका छन् ।'

काँकरभिट्टा नाका हुँदै कास्की पोखरा-८ का २० वर्षीय सुलभ पौडेल, २० वर्षीय आयुश अधिकारी, काठमाडौँ-१० का २१ वर्षीय समिम पौडेल, ललितपुर महालक्ष्मी-४ का २० वर्षीय आकाश साह, काठमाडौँ-१३ का २० वर्षीय पुयुश साह र काठमाडौँ गोकर्णेश्वर-७ का २० वर्षीय विकेश श्रेष्ठ रहेका छन् ।

त्यस्तै, सप्तरीको राजविराज-२ की २० वर्षीया आरती रोही, २१ वर्षीया सालिमी दास, २० वर्षीय रिसक सिंह, २० वर्षीय आयुस राज, २० वर्षीय प्रजित यादव, २० वर्षीय राकेस साह, २१ वर्षीय क्रिस दास, २० वर्षीय नवीन मण्डल रहेका छन् ।

यसैगरी सुनसरी इनरुवा-१ का २१ वर्षीय ओमप्रसाद पोदार, मोरङ विराटनगर-१२ का २१ वर्षीय आदित्य मिश्र, सप्तरी भारदह-२ का २२ वर्षीय केशव गोहिबार, काठामाडौँ इचम्भु-१ का २३ वर्षीय शुभम् केसी, मकवानपुर हेटौँडा-२ का २३ वर्षीय रिसभ झा र महोत्तरको जलेश्वर-१२ का १८ वर्षीया आरुसी सिंह रहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ । *रासस*

# शुक्लाफाँटा भ्रमण गर्ने पर्यटकलाई 'नेचर गाइड' निःशुल्क

**कञ्चनपुर–** कञ्चनपुरको शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज भ्रमण गर्ने पर्यटकलाई पथ प्रदर्शक (नेचर गाइड) निःशुल्क गरिएको छ । शुक्रबारदेखि भीमदत्त नगरपालिकाले आयोजना गरेको शुक्लाफाँटा पर्यटन महोत्सवमा महोत्सव अवधिभर निकुञ्ज भ्रमण गर्ने पर्यटकलाई पथ प्रदर्शक (नेचर गाइड) निःशुल्क गरिएको हो । शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको स्थापना दिवसको अवसर पारेर शुक्रबारदेखि १५ गतेसम्म शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा शुक्लाफाँटा पर्यटन महोत्सव आयोजना गरिएको छ ।






नगरपालिकाले निकुञ्जमा पर्यटक भित्र्याउन पर्यटन महोत्सव आयोजना गरेको भीमदत्त नगर पर्यटन विकास समितिका संयोजक राजेन्द्र केसीले जानकारी दिए । उनले पर्यटकका लागि शुक्लाफाँटा आकर्षक गन्तव्य भएकाले यसको प्रचारप्रसार गर्न महोत्सवको आयोजना गरेको बताए । 'एक सातासम्म चल्ने महोत्सवमा निकुञ्ज भ्रमण गर्ने पर्यटकलाई निःशुल्क नेचर गाइडको व्यवस्था गरिएको छ,' उनले भने, 'पर्यटकलाई प्रोत्साहनस्वरूप पहिलो एक सय गाडी (निजी तथा सफारी) निःशुल्क गरिएको छ ।' नेचर गाइड र सफारीको शुल्क शुक्लाफाँटा राष्ट्रिय निकुञ्जले सहयोग गर्ने व्यवस्था मिलाइएको उनको भनाइ छ ।

प्रकृतिसँग रमाउन पर्यटकका लागि शुक्लाफाँटा आकर्षण गन्तव्य रहेकाले यसको प्रचारप्रसारमा जोड दिनुपर्ने पर्यटन व्यवसायीहरू बताउँछन् । 'आन्तरिक र बाह्य पर्यटक भित्र्याउनका लागि राष्ट्रिय अन्तर्राष्ट्रियस्तरमा प्रचारप्रसार गर्नु आवश्यक छ,' होटेल व्यवसायी सङ्घ कञ्चनपुरका अध्यक्ष रामचन्द्र रेग्मीले भने, 'स्थानीयस्तरमा निजी क्षेत्रबाट पहल भए पनि बाह्य पर्यटक भित्र्याउन सरकारले पहल गर्नुपर्छ ।'

विश्वमै दुर्लभ जीवजन्तु पाइने शुक्लाफाँटाको प्रचारप्रसार गरी आन्तरिक तथा बाह्य पर्यटकको गन्तव्यको रूपमा विकास गर्न महोत्सवले सहयोग पुग्ने अपेक्षा रहेको उनले बताए । शुक्लफाँटा राष्ट्रिय निकुञ्जका पथप्रदर्शक महानन्द जोशीले शुक्लाफाँटा पर्यटकका लागि आकर्षक गन्तव्य भए पनि प्रचारप्रसार नहुँदा पर्यटकको सङ्ख्या न्यून रहेको बताए । 'शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको प्रवेशद्वारबाट २४ किमि दूरीमा शुक्लाफाँटाको ठूलो घाँसे मैदान (फाँट) छ । जुन फाँटमा एकैपटक सयौं बाह्रसिङ्गाको झुन्ड देख्न सकिन्छ,' उनले भने, 'वन्यजन्तु मात्रै नभई यहाँ दुर्लभ वनस्पतिको लागि पनि प्रसिद्ध ठाउँ हो ।' उनले निकुञ्जमा ५६ प्रजातिका स्तनधारी जीव, ५६ प्रजातिका घस्रने वन्यजन्तु १५ प्रजातिका उभयचर, ८८ प्रजातिका माछा, १११ प्रजातिका पुतली निकुञ्जभित्र रहेका छन् ।

उनका अनुसार शुक्लाफाँटामा विश्वमै दुर्लभ मानिएको सारस, खर मजुर, सिम तित्रा, राजधनेश र लेसर भुडीफोरजस्ता वन्यजन्तु पनि छन् । जसमा पाटेबाघ, एकसिङ्गे गैँडा, हात्ती बाह्रसिङ्गा, कृष्णसार, सालक, नीलगाई, चितुवा चितल, लगुना, रतुवा, हिसपीड खरायो, बँदेल आदि रहेका छन् ।

तीन सय पाँच वर्गकिलोमिटर क्षेत्रफलमा फैलिएको शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज बाह्रसिङ्गाका लागि प्रसिद्ध मानिन्छ । निकुञ्जमा दुई हजार दुई सय बढी बाह्रसिङ्गा छन् । यहाँ घुम्न आउने पर्यटकले ठूलो सङ्ख्यामा बाह्रसिङ्गाको झुन्ड देख्न पाउँछन् । त्यसैगरी २५ वटा जङ्गली हात्ती, १६ वटा एकसिङ्गे गैँडा, ४२ वटा पाठेबाघ रहेका छन् ।

'निकुञ्जको विश्वकै सबैभन्दा ठूलो घाँसेमैदान पनि यसको विशेषता हो निकुञ्जको १९ प्रतिशत क्षेत्र घाँसेमैदान छ,' जोशीले भने, 'जङ्गली हात्ती, पाटेबाघ, चितुवा, बाह्रसिङ्गा, जरायो, चित्तलजस्ता स्तनधारी जनावर यस निकुञ्जका प्रमुख वन्यजन्तु हुन् भने रानी ताल तथा अन्य स-साना तालहरूमा मगर गोहीहरू प्रशस्त पाइन्छन् ।' उनका अनुसार रैथाने र बसाइँ सरी आउने गरी ४६१ भन्दा बढी चराचुरूङ्गी पाइन्छन् । शुक्लाफाँटाका क्षेउ पिपरियामा हात्तीसार छ । त्यहाँ हात्ती चढ्न पाइन्छ । आगन्तुकको समयअनुसार हात्तीमा जङ्गल सफारीको समेत सुविधा छ । एकसाता सञ्चालन हुने महोत्सवमा निकुञ्ज क्षेत्रमा सरसफाइ, निबन्ध प्रतियोगिता र नेपाल-भारतका पर्यटन व्यवसायी र ट्राभल व्यवसायीसँग अन्तर्क्रिया समेत आयोजना गरिएको बताए । *रासस*

प्रभाव दैनिक

रूपशाला

आइतबार, ११ फागुन २०८१ (Sunday, February 23, 2025)

## दिलीप रायमाझीलाई पितृशोक

अभिनेता दिलीप रायमाझीलाई पितृशोक परेको छ । उनका बुबा आनन्दकुमार रायमाझीको गएराति कीर्तिपुर अस्पतालमा निधन भएको हो । लामो समयदेखि विभिन्न स्वास्थ्य समस्यासँग जुधिरहेका उनी ७८ वर्षका थिए। बुबाको स्वास्थ्य अवस्था चिन्ताजनक भएपछि 'मेरो डान्स युनिभर्स' को अडिसनको सिलसिलामा अमेरिकामा रहेका दिलीप शुक्रबार राति नेपाल आएका थिए । दिलीपका बुबाको पार्थिव शरीरलाई शनिबार नै अन्तेष्टी गरिएको छ ।



१३औं नेपाल अफ्रिका अन्तर्राष्ट्रिय चलचित्र महोत्सव

# १७ देशका ४९ फिल्म सहभागी



■ प्रभाव संवाददाता

**काठमाडौं–** कलेज अफ जर्नालिजम एन्ड मास कम्युनिकसेन र विलक्षण क्रियसन प्रा.लि.को आयोजना एवम् चलचित्र विकास बोर्डको सह आयोजनामा '१३ औं नेपाल अफ्रिका अन्तर्राष्ट्रिय चलचित्र महोत्सव-२०२५' काठमाडौंमा सुरु भएको छ । काठमाडौंको भृकुटीमण्डपस्थित नेपाल पर्यटन बोर्डमा यो महोत्सव आईतबारसम्म जारी रहनेछ ।

यो महोत्सवमा नेपाल सहित १७ देशका ४९ वटा चलचित्र सहभागी छन् । जसमा दुई चलचित्र अप्रतिस्पर्धी र बाँकी ४७ चलचित्र प्रतिस्पर्धी रूपमा छन् । कार्यक्रमका प्रमुख अतिथि चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसी, विशेष अतिथिहरू नेपाल पर्यटन बोर्डका निर्देशक सूर्य थपलिया, नेपाल चलचित्र निर्देशक समाजका अध्यक्ष जनकदिप पराजुलीलगायतले महोत्सव उद्घाटन गरे ।

चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसीले कार्यक्रमको उद्घाटन समारोहलाई सम्बोधन गर्दै लामो प्रयासपछि राष्ट्रिय चलचित्र नीति अन्तिम चरणमा पुगेको बताए । उनले धुलिखेलमा इन्डोर चलचित्र छायांकन स्टुडियोको लागि जग्गा प्राप्त हुनुका साथै निर्माण बोलपत्र आह्वान गरिएको पनि जानकारी गराए । महोत्सवलाई सफताको शुभकामना दिँदै अध्यक्ष डिसीले यस्ता अन्तराष्ट्रिय चलचित्र महोत्सवले चलचित्र संस्कृति निर्माणका साथै चलचित्रको प्रवर्द्धनमा ठुलो मद्दत पुग्ने गरेको भनाई कार्यक्रममा राखे ।

नेपाल पर्यटन बोर्डका निर्देशक सूर्य थपलियाले १४ वर्षदेखि आयोजना हुँदै आएको यो महोत्सव अफ्रिकासँगै विश्वका चलचित्रलाई एकै ठाउँमा ल्याएर चलचित्र संस्कृति आदन प्रदानमा मद्धत गर्दै आएको बताए । यस्ता महोत्सवले चलचित्र पर्यटन प्रवर्धनमा मद्दत पुग्ने विश्वास उनले व्यक्त गरे ।

महोत्सवकी अध्यक्ष डा. मञ्जु मिश्रले अफ्रिकासँग नेपाललाई चलचित्रबाट जोड्न १४ वर्ष अघिबाट नेपाल अफ्रिका चलचित्र महोत्सव नेपालमा नियमित रूपमा आयोजना गर्दै आएको बताईन् । यो वर्षबाट अफ्रिकाको सँगै अन्य देशका अन्तराष्ट्रिय चलचित्र समेत महोत्सवमा समावेश गरिएको उनले जानकारी गराईन् ।

महोत्सव निर्देशक डब्बु क्षत्रीले अन्तराष्ट्रिय स्तरका चलचित्र महोत्सव गर्न निकै यहाँ कठिन हुने गरे पनि चलचित्र विकास बोर्डको केही सहयोगले महोत्सव गर्न थोरै सहज भएको बताए । यसपटक महोत्सवमा भारत, बंगलादेशलगायतका मुलुकका चलचित्रकर्मी सहभागी भएको पनि उनले जानकारी गराए । महोत्सवका उद्घाटन समारोहमा गायक डेभिड शंकर, नेपाल प्रहरीमा अढाई दशकदेखि टेली चलचित्र निर्देशक, लेखक, कलाकारका रूपमा सेवारत बरिष्ठ प्रहरी नायव निरिक्षक सन्तोष लामा, गायकहरू सुरज पौडेल र सुवास महतलाई सम्मानित गरियो ।

महोत्सव उद्घाटन चलचित्रको रूपमा रौनक बिक्रम कँडेल निर्देशित एवम् सिनेमा आर्टसद्वारा निर्मित चलचित्र द रेड र मोरक्कोको मोहम्मद डबानी निर्देशित अफ्रिकन चलचित्र जैद प्रदर्शन गरियो थियो । महोत्सवमा शनिबार पहिलो दिन चलचित्र छक्का पञ्जा ५, ऐँचो पैँचोसहित एक दर्जन लामा छोटा चलचित्र प्रदर्शन गरियो ।

महोत्सवको अन्तराष्ट्रिय तर्फ १६ देशका १९ चलचित्र छन् । अन्तराष्ट्रिय विधाको निर्णायकमा दक्षिण अफ्रिकाबाट चलचित्र निर्देशक क्याथेरिन सोफियानोस, भारतबाट चलचित्र निर्देशक अंकित बाघ्छी, बँगलादेशबाट चलचित्र निर्देशक साहदत रुसेल र नेपालबाट चलचित्र निर्माता निर्देशक एवम् अभिनेत्री रोशनी केसी, छन् ।

महोत्सवमा नेपालबाट ३० वटा चलचित्र छन् । जसमा ७ वटा फिचर चलचित्र छन् । नेपाली कथानक चलचित्रको निर्णायकमा चलचित्र निर्देशक मिलन चाम्स, पत्रकार रघुनाथ सापकोटा र गायिका शोभा पाण्डे छन् ।


यस्तै नेपालकै २३ वटा लघु चलचित्र, भाषाभाषी चलचित्र, बृत्तचित्र र विधार्थी चलचित्र यो महोत्सवमा सहभागी छन् । लघु चलचित्र, सांगीतिक लघु चलचित्र एवम् बृत्तचित्रको निर्णायकमा अभिनेता सागर लम्साल क्षत्री, दृष्य सम्पादक रविन विक, गायक रुद्रशेखर शर्मा र गायिका सुजाता केसी छन् । निर्णायकहरूले चलचित्र चयन देखि पुरस्कृत चलचित्र एवम् कलाकार प्राविधिकको चयन गर्नेछन् ।

महोत्सवमा यस पटक अन्तराष्ट्रिय तर्फ अफ्रिका समूहको चलचित्रमा दक्षिण अफ्रिकाबाट स्फमण्डला आरोन म्भेला निर्देशित चलचित्र गुड मोदर र सिभिलाईज्ड उवोम्बो निर्देशित चलचित्र लेफ्ट अर राईट अर इन बिट्विन द लाईफ, क्यामरुनबाट टाटा फिडेलिस निर्देशित जेस्पर पनि रहेका छन् ।

अन्तर्राष्ट्रिय समूहतर्फ संयुक्त राज्य अमेरिकाबाट डिलन लाथम निर्देशित चलचित्र विल, फ्रान्सबाट पार्टिस गुईल्लाईन निर्देशित चलचित्र ला डिर डेस डेर, डेनमार्कबाट निर्देशक लार्स बी फ्रहमको चलचित्र रन फर लाइफ, श्रीलंकाबाट वेलुपिल्लै राजेश निर्देशित चलचित्र सगावरम, बंगलादेशबाट फकिर विप्लव निर्देशित चलचित्र सौदा, भारतबाट देवेन्द्र जादव निर्देशित बृत्तचित्र लोनी ट्युन्स रहेको छ । यस्तै पाकिस्तानबाट अहसेन मुराद र फरहाद रियाज निर्देशित चलचित्र अंगार, अफगानिस्तानबाट काजिम अजराम निर्देशित चलचित्र द मस्ट ब्युटिफुल काबुल, स्पेनबाट एलिस भिल्लालोंगा निर्देशित स्टेल, ओमनबाट सुलेमान अलखालिली निर्देशित चलचित्र सुलेमान पनि यो महोत्सवमा अन्तर्राष्ट्रिय समूहमा चयन भएको छ । अन्तर्राष्ट्रिय समूहतर्फ अस्ट्रियाबाट अर्मन विभेस निर्देशित चलचित्र जस्ट अ जिगेलो, क्यानडाबाट मञ्जु सुब्बरवाल निर्देशित चलचित्र कलर, बेलायतबाट एड्रिएना कुलिज निर्देशित चलचित्र लकडाउन गार्डेन डायरी, बेलायतबाटै ओडेट्टे निर्देशित चलचित्र जेन्ट पपेट्स फर डिग्निफाईड मिन्सुरेसन, अर्जेन्टिनाबाट जर्ज क्याराबोटा निर्देशित चलचित्र द टेम्पल फर इन्टरनल साउन्ड रहेको छ ।

महोत्सवमा शनिबार चलचित्र इफेक्ट मेकअपको एक दिवसीय कार्यशाला सम्पन्न भएको थियो । माधव प्रसाद पाण्डे (सरोज)ले ग्लार मेकअप, जलेको मुहार मेकअप, बुढयौली मेकअप, मोटो मुहारलाई दुब्लो बनाउने मेकअप सिकाउँदैछन् । विना रानामगरले हरर फेस मेकअप, सुजन तिमिल्सिनाले मुहार पेन्टिङ (माक्स मेकअप) र महोत्सव सह निर्देशक सरिता भारतीले विभिन्न अबस्थाको घाउ चोटको मेकअप सिकाउँदैछन् । जसमा दुई दर्जन भन्दा बढी मेकअप आर्टिष्ट सहभागी छन् । महोत्सवमा शनिबार पनि दिनभरी करिब डेढ दर्जन नेपाली तथा विदेशी चलचित्र प्रदर्शन गरिएको थियो ।

# राधिका शाक्यको आत्मकथा 'करुणा' लोकार्पण



■ प्रभाव संवाददाता

**काठमाडौं** – प्रथम महिला राधिका शाक्यको आत्मकथा 'करुणा' लोकार्पण भएको छ । शनिबार आयोजित एक समारोहमा प्रधानमन्त्री केपी शर्मा ओलीको प्रमुख आतिथ्यमा लेखक शाक्य, नेकपा (एमाले) का उपसचिव प्रदीप ज्ञवाली, साहित्यकार अमर न्यौपाने र बौद्ध भिक्षुणी एवं गायिका आनी छोइङ डोल्माले उक्त पुस्तक लोर्कापण गरिएको हो ।

प्रधानमन्त्री ओली र धर्मपत्नी शाक्यको ३७औं वैवाहिक वर्षगाँठका अवसरमा प्रर्दशनीमार्गस्थित राष्ट्रिय सभागृहको हलमा उक्त पुस्तक लोर्कापण गरिएको हो । पाणिनी बुक्स प्रालिद्वारा प्रकाशित उक्त पुस्तकको लोर्कापण समारोहमा मन्त्रीहरू एवंम उच्च पदस्थ व्यक्तित्वहरूको सहभागिता रहेको थियो ।

लेखक शाक्यले आत्मकथामा आफ्नो दृष्टि, भोगाई र अनुभूतिसँगै प्रधानमन्त्री ओलीको सङ्घर्ष, कठिनाई, सफलता र समाजसेवाका विषय समेटिएको बताइन् । पुस्तकमा शाक्यको बाल्यकाल, पढाइ, जागिर र जीवनका विविध उकालीओराली तथा एमालेका तत्कालीन नेता ओलीसँग विवाह सम्बन्धमा बाँधिएपछिका अनेक यात्राहरूबारे उल्लेख छ ।



# प्रधानसेनापति खुला म्याराथनमा खड्का प्रथम

■ प्रभाव संवाददाता

**काठमाडौं–** यस वर्षको प्रधानसेनापति खुला म्याराथन दौड प्रतियोगितामाअन्तर्गत ४२ किमी दूरीको दौडमा रणशेर गणका हुद्धा खड्गबहादुर खड्का प्रथम भएका छन् । सैनिक मुख्यालय परिसरस्थित खेल मैदानमा आज आयोजित समारोहमा रक्षामन्त्री मानवीर राईले उनलाई तीन लाखसहित ट्रफी र पदक प्रदान गरेका थिए ।

कूल तीन सय तीन धावक सहभागी प्रतियोगितामा कुमारी दल गणका प्युठ राजन रोकाय दोस्रो तथा सशस्त्र प्रहरी बल नेपालका गोपीचन्द्र पार्कीले तेस्रो स्थान हासिल गरे । उनीहरूलाई क्रमशः दुई लाख र एक लाख नगदसहित पदक र प्रमाणपत्र प्रदान गरिएको थियो ।




त्यस्तै २१ किलोमिटर दूरीको हाफ म्याराथन खुला पुरुषतर्फ देवी दल गणका प्युठ मुकेश पाल प्रथम, शेर गण दलका अमलदार गजिन्द्र राई द्वितीय तथा गणेश दल गणका अमलदार नरेन्द्र रावल तृतीय घोषित भए । प्रधानसेनापति अशोकराज सिग्देलले कूल आठ सय ६३ धावक सम्मिलित उक्त प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्ने धावकलाई क्रमशः ७५ हजार, ५० हजार र ३५ हजार नगदसहित प्रमणपत्र प्रदान गरेका थिए ।

महिलातर्फको २१ किमी दूरीको हाफ म्याराथन प्रतियोगितामा सन्तोष श्रेष्ठ पहिलो, भगवती दल गणकी प्युठ पूर्ण लक्ष्मी न्यौपाने दोस्रो तथा गरुढ दल गणकी प्युठ निर्मला केसीले तेस्रो स्थान हासिल गरेका छन् । पूर्वप्रधानसेनापति राजेन्द्र क्षत्रीले उनीहरूलाई क्रमशः ७५ हजार, ५० हजार र ३५ हजार नगद र प्रमणपत्र प्रदान गरेका थिए ।

सामाजिक एकताको प्रतिका रूपमा रहेको खेलकुद क्षेत्रको विकास तथा नागरिक सैनिक सम्बन्ध प्रगाढ तुल्याउने उद्देश्यले सेना दिवसका अवसरमा विसं २०७२ देखि यो प्रतियोगिता सञ्चालन हुँदै आएको छ ।

# बिएमसीएलाई प्रधानमन्त्री कप भक्तपुर छनोटको उपाधि

■ प्रभाव संवाददाता

**काठमाडौं–** भक्तपुर जिल्ला प्रधानमन्त्री कप पुरुष छनोट क्रिकेट प्रतियोगिताको उपाधि भक्तपुर म्युनिसिपल क्रिकेट एसोसिएसन (बिएमसीए) ले जितेको छ ।

शनिबार मूलपानी मैदानमा सम्पन्न फाइनलमा भक्तपुर क्रिकेट सेन्टरलाई ७ विकेटले पराजित गरेको हो । ११६ रनको लक्ष्य बिएमसीएले मात्र २०.२ ओभरमा तीन विकेट गुमाएर भेटायो ।

लक्ष्य पछ्याउने क्रममा बिएमसीएका गौरभ पौडेलले अविजित रहँदै सर्वाधिक ४९ रन बनाए । उनले ५३ बलमा चार चौका र एक छक्का प्रहार गरे ।

विशाल देवकोटाले अविजित २६ रन बनाए । शौरभ साखाकर्मीले १७ रन बनाए। चौथो विकेटको लागि गौरभ र विशालले अविजित ७८ रनको साझेदारी गरे । भक्तपुरका लोकेश पालले दुई तथा त्रिशन चौलागाईले एक विकेट लिए ।

यसअघि टस हारेर ब्याटिङ गरेको भक्तपुर क्रिकेट सेन्टरले ३५.२ ओभरमा ११५ रनमै सबै विकेट गुमाउन पुग्यो ।

भक्तपुरका दिपेन श्रेष्ठले सर्वाधिक ३४ रन बनाए। अभिषेक बस्नेतले १८ तथा समर्पण अधिकारीले १७ रन बनाए । बिएमसीएको बलिङमा सागर घिमिरेले तीन विकेट लिए ।

प्लेयर अफ द फाइनल घोषित घिमिरेले ६ ओभरमा चार मेडन ओभर गर्दै चार रन मात्र खर्चिए । सक्रिय प्रताप कार्कीले दुई विकेट लिँदा धिरेन्द्र कुमार बस्नेत, मनिष श्रेष्ठ, शशांक दवाडी र सार्थक न्यौपानेले समान एक विकेट रह्यो ।

प्रतियोगिताको उत्कृष्ट खेलाडी भक्तपुर क्रिकेट सेन्टरका बिनोद तामाङ घोषित भए । यस्तै, उत्कृष्ट बलर हिमालय स्पोर्ट्स म्यानेजमेन्टका सुमन हुमागाईं तथा उत्कृष्ट ब्याटर जनप्रेमी स्पोर्ट्स क्लबका आकाशकुमार शाह घोषित भए ।

२ देखि १० गतेसम्म सञ्चालन भएको सो प्रतियोगितामा १२ वटा टिमको सहभागिता थियो ।

बागमती गोल्डकप

# श्री स्टारलाई हराउँदै मछिन्द्र क्लब फाइनलमा



■ प्रभाव संवाददाता

**मनहरी (मकवानपुर)–** बागमती गाउँपालिकामा जारी सातौं संस्करणको बागमती गोल्ड कप राष्ट्रिय फुटबल प्रतियोगिताको फाइनलमा मछिन्द्र क्लब प्रवेश गरेको छ ।

झुरझुरेस्थित सहिद स्मृति रङ्गशालामा शनिबार भएको दोस्रो सेमिफाइनल खेलमा थ्री स्टार क्लबलाई ३-१ गोल अन्तरले हराउँदै मछिन्द्र फुटबल क्लब फाइनलमा प्रवेश गरेको हो । खेलको पहिलो हाफको ३७औं मिनेटमा थ्री स्टारका विदेशी खेलाडी एलेक्स विलियमले पहिलो गोल गरेका हुन् । त्यस्तै, ४२औं मिनेटमा मछिन्द्र फुटबल क्लबका शिशिर लेखीले गोल गरेपछि खेल बराबरीमा पुगेको थियो ।

मछिन्द्रका समीरराज थोकरले दोस्रो हाफको ५१औं मिनेटमा गोल गर्दै अग्रता कायम राखेसँगै खेलको ८८औं मिनेटमा विदेशी खेलाडी स्टेफनले गोल थप्दै ३-१ अन्तरमा थ्री स्टार पराजित गरेका हुन् ।

खेलमा मछिन्द्रका कप्तान देवेन्द्र तामाङ 'म्यान अफ दी म्याच' घोषित भएका छन् । उनलाई गाउँपालिकाका उपाध्यक्ष फणीन्द्र तिमल्सिनाले नगद रु १० हजार प्रदान गरेका थिए । शुक्रबार भएको पहिलो सेमिफाइनल खेलबाट चर्च ब्वाइज युनाइटेड विजयी बन्दै फाइनलमा प्रवेश गरेको छ । विभागीय टोली सशस्त्र प्रहरी बलको एपिएफलाई दुईका विरुद्ध तीन गोल अन्तरले हराउँदै चर्च ब्वाइज प्रतियोगिताको फाइनलमा प्रवेश गरेको थियो ।

फाइनल खेल यही फागुन १२ गते दिउँसो २ बजे चर्च ब्वाइज र मछिन्द्र क्लबबीच उपाधिका लागि प्रतिस्पर्धा हुने आयोजकले जनाएको छ । उपाधि विजेताले रु १० लाख र उपविजेताले रु पाँच लाख प्राप्त गर्नेछन् । साथै सर्वोत्कृष्ट खेलाडीलाई रु एक लाख एक हजार र साथै उत्कृष्ट गोलरक्षक, उत्कृष्ट डिफेन्डर, उत्कृष्ट मिडफिल्डर, उत्कृष्ट स्ट्राइकर र उत्कृष्ट कोचलाई जनही रु २५ हजार प्रदान गरिने आयोजकले जनाएको छ ।



**छाडिँदै बन्धक** | गाजामा इजरायली बन्धक एभेरु मेङगीसुलाई रेडक्रससामु हस्तान्तरणअघि प्यालेस्टाइनी सेनाहरू निर्देशन गर्दै । *तस्बीरः एएफपी*

# हमासले फिर्ता गरेको शव शिरी बिबासको पनि भएको परिवारबाट पुष्टि

**जेरुसेलम–** शुक्रबार इजरायलमा फिर्ता गरिएका अवशेषहरूमध्ये सन् २०२३ अक्टोबर ७ मा प्यालेस्टिनी इस्लामिक लडाकू समूह (हमास) ले बन्धक बनाएका इजरायली नागरिक शिरी बिबासको भएको पुष्टि भएको उनको परिवारले शनिबार जनाएको छ ।

रेड क्रसको अन्तर्राष्ट्रिय समितिले शुक्रबार कसको हो भनी नबताई थप मानव अवशेषहरू इजरायली अधिकारीहरूलाई हस्तान्तरण गरेको बताएपछि नीर ओजको इजरायली किब्बुट्ज समुदायले शनिबार बिबासको मृत्युको घोषणा गरेको थियो ।



'इन्स्टिच्युट अफ फरेन्सिक मेडिसिनमा पहिचान प्रक्रियापछि आज बिहान हामीले शिरी बिबासको मृत्युको प्रमाण पायौं । शिरीलाई बन्धक बनाएपछि हत्या गरिएको थियो र अहिले उनी आफ्ना छोराहरू, पति, बहिनी र परिवारका सबै सदस्यहरूलाई आराम दिन घर फर्किएकी छिन्,' बिबास परिवारले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

विज्ञप्तिमा थप भनिएको छ, 'उनीहरूको भाग्यको लागि हाम्रो डरको बावजुद अब हामी शिरीसँग छुट्टिएका छौं र यसले हामीलाई दुःखी बनाएको छ । करिब १६ महिनादेखि हामीले निश्चितता खोजेका थियौं र अब हामीसँग कुनै सान्त्वना दिने आशा छैन, अब शिरीको खोजीको अभियान टुङ्गिएको छ ।' बिहीबार हमासले शिरी बिबास, उहाँका दुई साना छोरा र एक वृद्ध बन्धकको भन्दै चार वटा शव हस्तान्तरण गरेको थियो । उनका दुई छोरा र बन्धक बनाइएका वृद्धको शवको सकारात्मक पहिचान भए पनि इजरायली अधिकारीहरूले चौथो शव शिरी बिबासको नभएको बताएका थिए ।

हमासले शुक्रबार नै शवको सम्भावित 'घुलमिल' भएको हुनसक्ने भन्दै रेडक्रसलाई नयाँ अवशेष हस्तान्तरण गरेको थियो । हमासले लामो समयदेखि इजरायलको हवाई आक्रमणमा बिबास र उहाँका छोराहरू केफिर र एरियलको मृत्यु भएको बताउँदै आएको छ । सन् २०२३ अक्टोबर ७ मा हमासले गाजामा युद्ध सुरु गरेपछि बिबास परिवार इजरायलले भोग्नुपरेको बन्धकको पीडाको प्रतीक बनेको थियो । *रासस⁄एएफफ*

# प्रतिशोधात्मक कर लगाउने ट्रम्पको चेतावनी

**वासिङ्टन–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अमेरिकी प्रविधि कम्पनीहरूमाथि डिजिटल कर लगाउने देशहरूमाथि प्रतिशोधात्मक कर लगाउने बताएका छन् ।

डिजिटल करसम्बन्धी आदेशमा हस्ताक्षर गर्ने कि नगर्ने भन्ने प्रश्नमा ट्रम्पले छिट्टै यस्तो आदेशमा हस्ताक्षर गर्ने जवाफ दिए । उनले भने, 'हामी त्यो (डिजिटल) कर लगाउने घोषणा गर्दैछौं । अन्य देशहरूमा डिजिटल करका सम्बन्धमा उनीहरूले हामीलाई जे गरिरहेका छन् त्यो डरलाग्दो अवस्था छ । त्यसैले, हामी यसको घोषणा गर्न जाँदैछौं ।'

ह्वाइट हाउसले यसै महिनाको सुरुमा जारी गरेको तथ्यपुस्तिकामा भनिएको थियो, 'केवल अमेरिकालाई मात्र अमेरिकी फर्महरूमा कर लगाउने अनुमति दिने अमेरिकासँग त्यस्तो कुनै संयन्त्र छैन र व्यापारिक साझेदारहरूले अमेरिकी कम्पनीहरूलाई डिजिटल सेवा कर भनिने कुनै पनि कुराको लागि बिल दिन्छन् ।'

ह्वाइट हाउसले भनेको थियो, 'क्यानडा र फ्रान्सले यी करहरू प्रयोग गरेर अमेरिकी कम्पनीहरूबाट प्रतिवर्ष ५० करोड अमेरिकी डलरभन्दा बढी कर सङ्कलन गर्छन्। समग्रमा, यी गैर-पारस्परिक करहरूले अमेरिकी फर्महरूलाई प्रति वर्ष दुई अर्ब डलरभन्दा बढी अतिरिक्त रकम बराबरको खर्च लगाउँछन् ।'

हालैका वर्षहरूमा, धेरै युरोपेली देशहरूले आफ्नो देशमा गुगल, अमेजन, एप्पल र मेटाजस्ता ठूला प्रविधि कम्पनीहरूको सञ्चालनमा डिजिटल करको लागि सक्रिय रूपमा दबाब दिएका छन्, जसको संयुक्त राज्य अमेरिकाले कडा विरोध गरेको छ ।

ट्रम्पको पहिलो कार्यकालको दौडानमा उहाँले यी करका उपायहरूले अमेरिकी व्यवसायहरूलाई अनुचित रूपमा असर पारेको आरोप लगाउँदै धेरै व्यापार साझेदारहरूको डिजिटल सेवा करहरूमा '३०१ वटा अनुसन्धान' शुरू गरेका थिए । जो बाइडनले कार्यभार सम्हालेपछि संयुक्त राज्य अमेरिकाले अक्टोबर २०२१ मा अस्ट्रिया, बेलायत, फ्रान्स, इटाली र स्पेनसँग डिजिटल सेवा कर विवादको सम्बन्धमा सम्झौता गरेको थियो र आर्थिक सहयोग र विकास सङ्गठन (ओइसिडी) को विश्वव्यापी कर सम्झौताको ढाँचा अन्तर्गत मुद्दा समाधान गर्न सहमत भएको थियो ।

तर जनवरी २० मा कार्यभार सम्हालेको पहिलो दिन ट्रम्पले ओइसिडी फ्रेमवर्कअन्तर्गत भएको विश्वव्यापी कर्पोरेट संस्थाका लागि न्यूनतम कर सम्झौताको संयुक्त राज्य अमेरिकामा 'कुनै प्रभाव' नभएको भन्दै बाइडेन प्रशासनले लगभग १४० देशहरूसँग वार्ता गरेको सम्झौताबाट प्रभावकारी रूपमा पछि हटेको राष्ट्रपतिको आदेशमा हस्ताक्षर गरेका थिए । *रासस⁄एएफपी*

# ट्रम्पद्वारा प्रमुख क्षेत्रमा चिनियाँ लगानीमाथि कडा प्रतिबन्ध लगाउने आदेश

**वासिङ्टन–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले शुक्रबार एक आदेशपत्रमा हस्ताक्षर गर्दै प्रविधि र महत्वपूर्ण पूर्वाधारजस्ता रणनीतिक क्षेत्रमा चिनियाँ लगानीमाथि अङ्कुश लगाउन आग्रह गरेका छन् ।

विश्वका दुई ठूला अर्थतन्त्रबीच बढ्दो व्यापार तनाव र रणनीतिक प्रतिस्पर्धाका बेला यो कदम चालिएको हो । ह्वाइट हाउसले भनेको छ, 'यसको उद्देश्य विदेशी लगानीलाई बढावा दिनु हो र अमेरिकी राष्ट्रिय सुरक्षा हितलाई 'विशेष गरी चीनजस्ता मुलुकबाट उत्पन्न खतराहरूबाट' रक्षा गर्नु हो ।'

ह्वाइट हाउसका अनुसार विशेष गरी, पत्रमा चीनलाई 'आफ्नो सैन्य, गुप्तचर र अन्य सुरक्षा उपकरणहरूको विकास र आधुनिकीकरण गर्न संयुक्त राज्य अमेरिकाको पूँजीको बढ्दो दोहन'बारे लक्षित गरिएको हो । यसले अमेरिकामा विदेशी लगानी सम्बन्धी समिति (सीएफआईयूएस) लाई प्रविधि, महत्वपूर्ण पूर्वाधार, स्वास्थ्य सेवा र ऊर्जाजस्ता प्रमुख अमेरिकी क्षेत्रहरूमा चिनियाँ लगानीलाई प्रतिबन्धित गर्न प्रयोग गर्न आह्वान गरेको छ ।

सीएफआईयूएस संयुक्त राज्य अमेरिकामा विदेशी लगानीको राष्ट्रिय सुरक्षा प्रभावको तौल गर्ने एक समिति हो । ह्वाइट हाउसले भनेको छ, 'राष्ट्रपति ट्रम्पले विदेशी शत्रुहरूलाई संयुक्त राज्य अमेरिकाको फाइदा लिनबाट रोक्ने आफ्नो वाचा पूरा गरिरहनुभएको छ ।'

ट्रम्पले यस महिनाको सुरुमा चीनबाट आयात हुने सबै उत्पादनमा १० प्रतिशतको अतिरिक्त भन्सार शुल्क लगाएपछि शुक्रबारको आदेश आएको हो । बेइजिङले उक्त आरोपको विरोध गर्दै यसको खण्डन गरेको छ । गत बुधबार, अमेरिकी राष्ट्रपति ट्रम्पले चीनसँग व्यापार सम्झौता 'सम्भव' रहेको बताएका थिए । *रासस⁄एएफपी*

# पटेल एफबीआई प्रमुख निर्वाचित

**वासिङ्टन–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका राजनीतिक शत्रुहरूलाई खेद्ने धम्की दिने ट्रम्पका कट्टर विश्वासपात्र काश पटेललाई रिपब्लिकन नियन्त्रित अमेरिकी सिनेटले बिहीबार देशको सर्वोच्च कानुन कार्यान्वयन गर्ने निकाय एफबीआईको निर्देशकमा निर्वाचित गरेको छ ।

पटेलको मनोनयनपछि डेमोक्र्याटिक्स पार्टीको चर्को विरोध भएपनि अन्ततः यो विरोध निरर्थक बनेको छ । उनलाई सिनेटले ५१-४९ मतले अनुमोदन गरेको छ । दुई रिपब्लिकन सिनेटर सुसन कोलिन्स र लिसा मुर्कोवस्कीबाहेक अन्य दुई रिपब्लिकन सिनेटरबाहेक सिनेटमा मतदान हुँदा दलगत आधारमा मत विभाजन भएको थियो । पटेल ३८ हजार सदस्यीय सङ्घीय अनुसन्धान विभागको प्रमुखका रूपमा निर्वाचित भएका हुन् ।

पटेलले सन् २०२१ जनवरी ६ मा अमेरिकी संसद् (क्यापिटोल) मा आक्रमण गर्ने ट्रम्प समर्थक दङ्गाकारीहरूको बचाउ र रिपब्लिकन राष्ट्रपतिको विरोध गर्ने कथित 'डिप स्टेट' का सदस्यहरूलाई जरैदेखि उखेलेर फ्याँक्ने आफ्नो प्रतिज्ञाको लागि डेमोक्र्याट्सहरूबाट आलोचना खेप्नुपरेको थियो ।

डेमोक्र्याटिक सिनेटर डिक डर्बिनले सिनेटमा पटेलको मनोनयनको विरोध गर्दै निर्वाचनपूर्व संसदमा भएको बहसमा भने, 'पटेल खतरनाक र राजनीतिक रूपमा 'अतिवादी' सोच राख्नुहुन्छ र उहाँले आफ्ना राजनीतिक शत्रुहरूविरुद्ध प्रतिकार गर्न हाम्रो देशको सबैभन्दा महत्त्वपूर्ण कानून प्रवर्तन एजेन्सी प्रयोग गर्ने आफ्नो इच्छा बारम्बार व्यक्त गर्नुभएको छ ।'

सिनेटले ट्रम्पको क्याबिनेटका सबै निर्णयलाई अनुमोदन गरेको छ । यसले रिपब्लिकन पार्टीमा ट्रम्पको पकडलाई स्पष्ट पारेको छ । पटेलले एफबिआईको निर्देशक बन्न पाएकोमा आफू गौरवान्वित भएको बताएका छन् । 'अमेरिकी जनता पारदर्शी, जवाफदेही र न्यायप्रति प्रतिबद्ध एफबीआईको हकदार छन्,' उनले भने ।

'हाम्रो न्याय प्रणालीको राजनीतिकरणले जनताको विश्वासलाई कमजोर बनाएको थियो तर त्यो आज समाप्त भएको छ,' उनले भने, 'राम्रो प्रहरीलाई थप जिम्मेवारी दिने र एफबीआईप्रतिका विश्वास पुनः निर्माण गर्ने निर्देशकको रूपमा मेरो अभियान हुनेछ ।' उनले थपे, 'अमेरिकीलाई हानि पुऱ्याउन खोज्नेहरूलाई यो चेतावनी मान्नुहोस् । हामी तिमीहरूलाई पृथ्वीको हरेक कुनामा गएर प्रतिकार गर्नेछौं ।' *रासस⁄एएफपी*

# एपीद्वारा ट्रम्प प्रशासनका तीन अधिकारीविरुद्ध मुद्दा दायर

**वासिङटन–** अमेरिकी एसोसिएटेड प्रेस (एपी) ले राष्ट्रपति ट्रम्प प्रशासनका तीन जना अधिकारीविरुद्ध शुक्रबार राष्ट्रपतिको कार्यक्रममा पहुँच नभएको भन्दै मुद्दा दायर गरेको छ ।

मुद्दाबारे ह्वाइट हाउसका प्रेस सेक्रेटरीले भने, 'हामी यसलाई अदालतमा नै हेर्नेछौं ।' ह्वाइट हाउसले समाचार एजेन्सीको पहुँचमा प्रतिबन्ध लगाउन थालेको १० दिनपछि शुक्रबार अपरान्ह वासिङ्टन डिसीस्थित अमेरिकी जिल्ला अदालतमा मुद्दा दायर गरिएको हो । ट्रम्पले मनोनीत गरेका अमेरिकी जिल्ला न्यायाधीश ट्रेभर म्याकफेडेनलाई यो मुद्दा हेर्ने जिम्मेवारी दिइएको छ ।

एपीले आफ्नो मुद्दा ह्वाइट हाउसले भाषण नियन्त्रण गर्न गरेको असंवैधानिक प्रयासको बारेमा रहेको बताएको छ । ह्वाइट हाउसका चिफ अफ स्टाफ सुसन विल्स, डेपुटी चिफ अफ स्टाफ टेलर बुडोविच र प्रेस सेक्रेटरी कारोलिन लेभिटविरुद्ध दायर गरिएको मुद्दामा एपीले भनेको छ, 'प्रेस र संयुक्त राज्य अमेरिकाका सबै मानिसहरूलाई आफ्नै शब्द छनौट गर्ने अधिकार छ र सरकारद्वारा प्रतिशोध नलियोस् ।'

गत महिना एपीले एक 'स्टाइल नोट'मा 'मेक्सिकोको खाडीले ४०० वर्षभन्दा बढी समयदेखि यो नाम बोकेको' उल्लेख गरेको थियो । यसको प्रतिक्रियामा आएको राष्ट्रपति ट्रम्पको कार्यकारी आदेशमा 'संयुक्त राज्य अमेरिकाभित्र मात्र यो अधिकार बोकेको' उल्लेख गरिएको थियो ।



'एपीको सम्पादकीय स्वतन्त्रता र समाचार सङ्कलन गर्ने र रिपोर्ट गर्ने क्षमतामाथि लक्षित आक्रमण पहिलो संशोधनको मूल मर्ममा प्रहार गरिएको छ,' एपीले भनेको छ, 'अदालतले तत्काल यसको उपचार गर्नुपर्छ । संविधानको पहिलो संशोधनले प्रेस, वाक र धार्मिक स्वतन्त्रताको प्रत्याभूति गरेको छ र सरकारलाई तीमध्ये कुनै पनि अवरोध गर्नबाट रोक्छ ।'

ह्वाइट हाउसबाट कन्जर्भेटिभ पोलिटिकल एक्सन कन्फरेन्समा उपस्थित हुने क्रममा शुक्रबार आफूले मुद्दाबारे थाहा पाएको लिभिटले बताए । उनले भने, 'म ह्वाइट हाउसको सल्लाह लिन चाहन्थें र यो चरणमा पुग्नुअघि म के भन्न सक्छु र के भन्न सक्दिनँ भनेर हेर्न चाहन्थें तर हामीलाई लाग्छ कि हामी यो स्थितिमा सही छौं । हामी यो सुनिश्चित गर्न गइरहेका छौं सत्य र सटीकता ह्वाइट हाउसमा हरेक दिन उपस्थित छ ।'

यसअघि, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बिहीबार एपीलाई 'कट्टर वामपन्थी सङ्गठन' को संज्ञा दिएका थिए । मेक्सिकोको खाडीका नामबाट विश्वमा परिचित जल क्षेत्रलाई पुनः नामकरण गर्न प्रयोग गरेको विषयलाई अमेरिकी सञ्चारमाध्यम एपीले राष्ट्रपति ट्रम्पले भनेजस्तो गरी उल्लेख नगरेपछि राष्ट्रपति ट्रम्पले एपीविरूद्ध उक्त आरोप लगाएका हुन् ।

ट्रम्पले आफ्नो कार्यकालको पहिलो महिनामा उक्त क्षेत्रलाई 'गल्फ अफ अमेरिका' को संज्ञा दिएका थिए तर एपीले उनको आदेश बमोजिम 'गल्फ अफ अमेरिका' नलेखेपछि कार्यकारी आदेश पालना नगरेसम्मका लागि भन्दै एपीका पत्रकारहरूलाई ह्वाइट हाउसमा प्रवेशमा प्रतिबन्ध लगाएका थिए ।

ह्वाइट हाउसले एपीका पत्रकारहरूलाई एयर फोर्स वान र ओभल अफिसमा प्रवेश रोकेको छ । बिहीबार राजधानी वासिङ्टनमा रिपब्लिकन गभर्नर्स एसोसिएशनलाई सम्बोधन गर्दै ट्रम्पले भने, 'हाम्रो एउटा समाचार संस्थासँग लडाइँ छ, जुन एक 'कट्टर वामपन्थी सङ्गठन' हो । उसले मेक्सिकोको खाडीका रूपमा चिनिँदै आएको क्षेत्रलाई अमेरिकाको खाडी भनौं भनी हामीले गरेको प्रस्ताव अस्वीकार गरेको छ र गर्छ । यसले हामी सबैलाई नराम्रो व्यवहार गर्छ ।' उनले सम्भावित कानूनी कारबाहीको बारेमा उनको दावी के हो भन्ने उल्लेख नगरीकन अगाडि भने, 'हामी अहिले कुनै पनि पत्रकार सम्मेलनबाट उनीहरूलाई बाहिर निकालिरहेका छौं । *रासस⁄एएफपी*


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी–विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफचाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १७०००० | प्रति तोला – ० | प्रति तोला – १९९० |



**स्ट्रबेरी खेती** | दाङको घोराही उपमहानगरपालिका-१४ स्थित भिङ्गौरामा स्वर्गद्वारी अश्रमको नौँ कठ्ठा भाडाको जग्गामा रोल्पाको माडी-१ जवाङका वीरेन्द्र खड्काले व्यवसायिक रूपमा गरेको स्ट्रबेरी खेतीमा लटरम्म फलेका स्ट्रबेरी। *तस्बिरः कुलदीप न्यौपाने/रासस*

# वैदेशिक व्यापारमा आठ खर्ब ६१ अर्ब घाटा

■ प्रभाव संवाददाता

**काठमाडौं–** चालु आर्थिक वर्षको माघ मसान्तसम्ममा मुलुकले कुल रू ११ खर्ब १५ अर्ब ७९ करोडको वैदेशिक व्यापार गर्दा रू आठ खर्ब ६१ अर्ब ३८ करोड घाटा व्यहोरेको छ।




भन्सार विभागले सार्वजनिक गरेको माघ मसान्तसम्मको वैदेशिक व्यापारको अवस्था प्रतिवेदनअनुसार यो अवधिमा रू नौ खर्ब ८८ अर्ब ५८ करोडको आयात र रू एक खर्ब २७ अर्ब २० करोडको निर्यात भएको हो। विभागका अनुसार गत आर्थिक वर्षको सोही अवधिको तुलनामा चालु आर्थिक वर्षमा आयात १० दशमलव ०९, निर्यात ४६ दशमलव ५० र कूल वैदेशिक व्यापार १३ दशमलव ३० प्रतिशतले बढेको छ। त्यस्तै, गत आर्थिक वर्षको तुलनामा समीक्षा अवधिमा कुल वैदेशिक व्यापारघाटा छ दशमलव २० प्रतिशतले बढेको छ। कूल वैदेशिक व्यापारमा आयातको हिस्सा ८८ दशमलव ६० र निर्यातको हिस्सा ११ दशमलव ४० प्रतिशत रहेको छ।

सबैभन्दा ठूलो व्यापार साझेदार भारतसँग मात्र नेपालले यो अवधिमा रु चार खर्ब ९८ अर्ब ३४ करोड व्यापार घाटा व्यहोरेको विभागको तथ्याङ्कबाट देखिन्छ। चालु आर्थिक वर्षको माघ मसान्तसम्ममा भारतबाट रु पाँच खर्ब ९६ अर्ब ३५ करोडको वस्तु आयात हुँदा रू ९८ अर्ब ७५ करोड बराबरको निर्यात भएको छ। त्यस्तै, चीनसँगको व्यापार घाटा रु एक खर्ब ९० अर्ब ४४ करोड बराबर छ। पछिल्लो सात महिना अवधिमा चीनबाट रू एक खर्ब ९२ अर्ब ४५ करोडको वस्तु आयात हुँदा रू दुई अर्बको मात्रै निर्यात भएको छ। अर्जेन्टिना, युक्रेन, संयुक्त अरब ईमिरेट्स, अस्ट्रेलियालगायत मुलुकसँगको व्यापारघाटा उच्च छ।

नेपालले ३५ वटा मुलुकसँगको वैदेशिक व्यापारमा नाफा गरिरहेको छ। चालु आर्थिक वर्षको माघ मसान्तसम्ममा सबैभन्दा धेरै व्यापार नाफा अफगानस्तानसँग छ। अफगानस्तानसँग सात महिनामा रु एक करोड २४ लाखको आयात र रु ५९ करोड ४५ लाखको निर्यात भएको छ। डेनमार्क, रसियन फेडेरेसन, अस्ट्रिया, नर्वे, माल्दिभ्सलगायत देशहरूसँग व्यापार नाफा बढी रहेको छ।

विभागको तथ्याङ्कअनुसार माघ मसान्तसम्म सबैभन्दा धेरै पेट्रोलियम पदार्थको आयात भएको छ। यो अवधिमा रु २९ अर्ब ४५ करोड १६ लाखको डिजेल, रू २४ अर्ब ५८ करोड ३२ लाखको पेट्रोल र रु छ अर्ब ६१ करोड ६५ लाखको एलपि ग्यास आयात भएको छ। त्यस्तै, रु पाँच अर्ब ५० करोड ९० लाख बराबरको विद्युतीय सवारीसाधन र रु पाँच अर्ब ४३ करोड ४१ लाखको अन्य सवारीसाधन आयात भएको छ। सात महिनामा रु तीन अर्ब ५३ करोड ९७ लाख बराबरको स्मार्टफोन आयात भएको पनि विभागले जनाएको छ।

नेपालले बढी निर्यात गरेका वस्तुहरूमा भटमास तेल पहिलो स्थानमा छ। माघ मसान्तसम्ममा रु ३२ अर्ब ४१ करोड ५७ लाख बराबरको सोयाबिन तेल निर्यात भएको छ। त्यस्तै, रु छ अर्ब ५७ करोड ६७ लाखको सूर्यमुखी तेल, रु पाँच अर्ब ३८ करोड ८० लाखको अलैंची, रु तीन अर्ब ८९ करोड ५२ लाखको कार्पेट, रु तीन अर्ब १० करोडको धागो र रु तीन अर्ब बराबरको चिया निर्यात भएको छ।

# साधारण शेयर बिक्रीका लागि वातावरण बनाइदिन आग्रह

■ प्रभाव संवाददाता

**काठमाडौं–** निजी क्षेत्रका ऊर्जा उद्यमीले आगामी १० वर्षमा २८ हजार पाँच सय मेगावाट विद्युत् उत्पादन गर्ने सरकारको लक्ष्यलाई पूरा गर्न सबैको सार्थक सहयोग जरुरी रहेकामा जोड दिएका छन्।

रणनीतिक महत्वको 'ऊर्जा विकास मार्गचित्र तथा कार्ययोजना, २०८१' कार्यान्वयलाई सहयोग गर्न र लगानी विस्तारका लागि जलविद्युत आयोजनाको संस्थापक शेयरमा क्राउड फाईनान्सिङको माध्यमबाट लगानी गर्ने वातावरण निर्माण गर्नुपर्ने उनीहरूको धारणा छ। स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इपान)ले ऊर्जा क्षेत्रमा देखिएका समस्या समाधानका लागि पहल गरिदिन संघीय संसद्को सार्वजनिक लेखा समितिलाई आग्रह गरेको छ।

लेखा समितिको २०८० पुस १२ को बैठकले साधारण शेयर बिक्री गर्न 'रियल नेटवर्थ' ९० भन्दा बढी हुनुपर्ने भन्ने निर्देशनलाई देखाएर नेपाल धितोपत्र बोर्डले ४२ वटा जलविद्युत कम्पनीको आइपीओ अनुमति रोकेको इपानको भनाइ छ। निजी क्षेत्रबाट निर्माणाधीन आयोजनामा वित्तिय व्यवस्थापनमा समस्या भएको तथा स्थानीयले कहिले शेयर दिने हो भनेर गरेको प्रश्नको समेत उत्तर दिन नसकेको भन्दै इपानका अध्यक्ष गणेश कार्कीले सहीकरण गरिदिन लेखा समितिलाई आग्रह गरिएको जानकारी दिए।

समितिको पूर्ववत् निर्णयलाई सच्याइदिन इपानले आग्रह गरेको उल्लेख गर्दै अध्यक्ष कार्कीले विद्यमान कानुनी व्यवस्थाका आधारमा साधारण शेयर बिक्रीका लागि सहजीकरण गरिदिन संसदीय समितिलाई अनुरोध गरिएको बताए। इपानमा छ सय ५० कम्पनी आवद्ध छन्। कूल उत्पादित तीन हजार चार सय ५० मेगावाट विद्युतमध्ये निजी क्षेत्रबाट मात्रै दुई हजार सात सय ४० मेगावाट बराबरका एक सय ९० आयोजना निर्माण सम्पन्न भइसकेका छन्।

यस्तै, चार हजार ६३ मेगावाट बराबरका एक सय ४१ आयोजना निर्माणाधीन र चार हजार तीन सय ६३ मेगावाट बराबरका एक सय ४१ आयोजना नेपाल विद्युत् प्राधिकरणसँग विद्युत् खरिद सम्झौता (पीपीए) सम्पन्न गरेर वित्तिय व्यवस्थापनको पखाइमा रहेका छन्।

सर्वेक्षण कार्य सम्पन्न गरेर नेपाल विद्युत् प्राधिकरणमा पीपीएका लागि आवेदन दिएका आयोजना आठ हजार मेगावाट बढी छन्। निर्माण अनुमती पत्र प्राप्त गर्नको लागि विद्युत् विकास विभागमा आवेदन दिएका आयोजनाको क्षमता १० हजार सात सय मेगावाट बराबर छन्। ती आयोजनामा निजी क्षेत्रको तर्फबाट अहिलेसम्म १५ खर्ब रूपैयाँ लगानी भइसकेको छ। आगामी १० वर्षमा रु ३० खर्ब भन्दाबढी लगानी आवश्यक रहेको इपानको दावी छ।

जलविद्युत् आयोजना स्थापना गर्दा लगानी गर्ने आधारभूत शेयरधनीको आयोजना निर्माणमा लिएको ऋण चुक्ता नहुञ्जेलसम्म आधारभूत शेयरधनीको एक तिहाई शेयर लकईन अवधि सकिएपछि पनि विक्री गर्न नपाउने व्यवस्थाले इक्विटी लगानीको वातावरणमा असर पर्ने इपानले जनाएको छ।

# 'तरल नाइट्रोजन प्लान्ट' स्थापना सुरु

■ प्रभाव संवाददाता

**काँक्रेविहार** – कर्णालीमा 'तरल नाइट्रोजन प्लान्ट' स्थापना गर्न सुरु भएको छ। गत आर्थिक वर्षदेखि स्थापनाको काम सुरु गरिएकामा चालु आवमा निर्माण थालिएको हो।

कर्णाली प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले पशु नश्ल सुधार गरी उत्पादन वृद्धि गर्ने उद्देश्यले पशुपन्छी विकास निर्देशनालय वीरेन्द्रनगर सुर्खेतको परिसरमा 'तरल नाइट्रोजन प्लान्ट' स्थापना गर्न लागेको निर्देशनालयले जनाएको छ। मन्त्रालयका प्रवक्ता धनबहादुर कठायतका अनुसार पशुको वीर्य भण्डारण तथा कृत्रिम गर्भाधानको उद्देश्य राखी तरल नाइट्रोजन प्लान्ट निर्माण सुरु भएको हो। प्लान्ट स्थापनापछि गाई, भैँसीको नश्ल सुधार, उच्च गुणस्तरका पाडा र बाच्छा उत्पादन गर्ने उद्देश्य पुरा हुने उनले बताए।

गत आवमा रु ४० लाखका विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) बनाएर चालु आवमा रु चार करोड ८५ लाख बजेट विनियोजन भएपछि कर्णाली प्रदेशमा पहिलोपटक प्लान्ट निर्माण सुरु भएको प्रवक्ता कठायतले जानकारी दिए। प्रदेशलाई दूधमा आत्मनिर्भर बनाउनका चालु आवमा सरकारले पर्याप्त बजेट विनियोजन गरेकाले सम्झौता भई काम अघि बढाइएको उनले बताए।

'पशुको वीर्य भण्डारण तथा कृत्रिम गर्भाधान गर्न तरल नाइट्रोजन प्लान्ट आवश्यक पर्ने गर्दछ। नश्ल सुधारका लागि अहिले कर्णाली प्रदेशले पशुको वीर्य बाहिरबाट ल्याउनु पर्ने बाध्यता छ', प्रवक्ता कठायतले भने।

बाहिरबाट खरिद गरेर ल्याइएका उच्च जातका राँगा र साँढेको जमेको वीर्यलाई सुरक्षित राख्न र कृत्रिम गर्भाधान प्रक्रियामा प्रयोग गर्न प्लान्ट सहयोगी हुने उनले विश्वास व्यक्त गरे। उनका अनुसार पशुपन्छी विकास निर्देशनालयले यहाँका दुई सय ५० किसानले पालन गरेका पशुचौपायामा कृत्रिम गर्भाधान सेवा दिँदै आएको छ। दूध र मासु उत्पादनका लागि कृत्रिम गर्भाधानमार्फत् नश्ल सुधार अत्यन्त प्रभावकारी भएको मन्त्रालयले जनाएको छ। हाल एक हजार पाँच सय भन्दाबढी कृतिम गर्भधानको माग किसानबाट आइरहेको मन्त्रालयका प्रवक्ता कठायातले जानकारी दिए।

# एउटै वडामा तीन जलविद्युत् आयोजना

■ प्रभाव संवाददाता

**म्याग्दी–** म्याग्दीको धौलागिरि गाउँपालिका-४ मुदीमा तीनवटा जलविद्युत् अयोजना निर्माण सुरू भएको छ। धैलागिरि हिमालको फेदीबाट बग्ने म्याग्दी नदीबाट एक सय ५५ मेगावाट क्षमताको तीन जलविद्युत् आयोजना निर्माण सुरू भएका हुन्।

म्याग्दी हाइड्रोपावर लिमिटेड प्रवर्द्धक रहेको ५३ दशमलव पाँच मेगावाट क्षमताको अपर म्याग्दी-१ जलविद्युत् आयोजनाले पूर्वाधार सुरू गरेको छ भने हाइड्रो भिलेज प्रवर्द्धक रहेको ६५ मेगावाट क्षमताको म्याग्दीखोला जलविद्युत् आयोजनाले पहुँचमार्ग निर्माणलाई तीव्रता दिएको छ।

त्यसैगरी हाइड्रो इम्पायर प्रालि प्रवर्द्धक रहेको ३७ मेगावाट क्षमताको अपर म्याग्दी जलविद्युत् आयोजनाले समेत सुरूङ निर्माणको तयारी गरेको छ। म्याग्दी नदीसँगै यसका सहायक गुर्जाखोला र मुदी खोलामा विभिन्न आठ वटा जलविद्युत् आयोजना दर्ता भएकोमध्ये तीन वटा आयोजनाको निर्माण काम अघि बढेको धौलागिरि गाउँपालिका अध्यक्ष प्रेमप्रसाद पुनले बताए।

'जलविद्युत् आयोजनाको निर्माण कार्य अघि बढेसँगै दुर्गम बस्तीमा सडकको पहुँच विस्तारमा समेत सघाउ पुगेको छ, हामीले आयोजनामा स्थानीय जनशक्तिलाई समेत प्राथमिकता दिएर काममा अवसर दिन र सामाजिक क्षेत्रमा गर्नुपर्ने उत्तरदायित्वका कार्यलाई प्रभावकारी बनाउन आग्रह गरेका छौँ', गाउँपालिका अध्यक्ष पुनले भने।

मुदीको खाम्लामा बाँध र मालिका गाउँपालिका-७ भारवाङमा विद्युत् गृह रहने अपर म्याग्दी-१ जलविद्युत् आयोजनाले पहुँचमार्ग निर्माण सकेर सुरूङ र बाँधतर्फका पूर्वाधार निर्माण सुरू गरेको छ। विसं २०८१ वैशाख २८ गतेदेखि पुर्वाधार निर्माण गर्न सुरू गरेको आयोजनाले कूल पाँच किलोमिटर सात सय मिटर सुरूङमध्ये पाँच सय ३० मिटर सुरूङ निर्माण सकिएको आयोजना प्रमुख ज्योतिकुमार केसीले बताए।

उनका अनुसार, दुई वर्षभित्र निर्माण सम्पन्न गर्ने लक्ष्य रहेको यस आयोजनाको बाँध, सुरूङ र विद्युत्गृहतर्फ अहिलेसम्म करिब १७ प्रतिशत निर्माण कार्य पूरा भएको छ। मुदीकै दोभानमा बाँध र जेल्टुङमा विद्युत्गृह रहने ६५ मेगावाट क्षमताको म्याग्दीखोला जलविद्युत् आयोजनाले विद्युत्गृहको पहुँचमार्ग निर्माण गरेको छ। नाउरादेखि छ किलोमिटर दूरीमा पर्ने जेल्टुङमा विद्युत्गृहको लागि पूर्वाधार बनाउने र सुरूङ निर्माणको तयारी गरिएको छ। सुरूङ निर्माण र विद्युत्गृहदेखि बाँधतर्फको ११ किलोमिटर सडकको पहुँच विस्तारको काम एकैसाथ अघि बढाउने तयारी गरिएको आयोजना प्रमुख केसीले बताए।

मुदीमै निर्माण हुन लागेको ३७ मेगावाट क्षमताको अपर म्याग्दी जलविद्युत् आयोजनाले समेत पहुँच मार्ग निर्माण सकेर सुरूङ निर्माणको तयारी गरेको आयोजनाका प्रबन्ध निर्देशक जितबहादुर घर्तिले जानकारी दिए। आयोजनाका अनुसार, पहुँचमार्ग, क्याम्प साइटलगायतका पूर्वाधार निर्माण सकिएको र बगर गाउँको पुछारमा रहने बाँध र नाउरामा रहने विद्युत्गृहबाट सुरूङ खन्ने तयारी गरिएको छ। जलविद्युत् आयोजना भित्रिएसँगै दुर्गम बस्तीको रूपमा रहेका खाम्ला, नाउरा, खिबाङ बगरलगायतका बस्तीमा सडकको पहुँच पुगेको छ।


## सुत्केरीको स्वास्थ्यमा ध्यान पुऱ्याऔं

- गर्भावस्थामा कम्तिमा आठ पटक स्वास्थ्य जाँच गराऔं,
- स्वास्थ्य संस्थामा नै प्रसुति सेवा लिऔं,
- नियमित पोषिलो खानेकुरा खुवाऔं,
- बच्चा जन्मनेबित्तिकै बिगौती दुध खुवाऔं,
- छ महिनासम्म आमाको दुधमात्र खुवाऔं,
- बच्चा जन्मेपछि स्वास्थ्य संस्थामा गई स्वास्थ्य परिक्षण गराऔं,
- राष्ट्रिय खोप तालिकाअनुसार बालबालिकालाई सबै खोप लगाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक


**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ